पाठक र ग्राहकको सुविधाको लागि अभियान साप्ताहिक वेवसाइडमा पनि
www.abhiyanweekly.com

# अभियान साप्ताहिक

ABHIYAN WEEKLY
Email: abhiyan.weekly@yahoo.com

वर्ष : ३० अङ्क : ३९ २०७० जेठ १० गते शुक्रबार (May 24, 2013) मूल्य रू. ७/-

## सूर्यबहादुरलाई लोकतान्त्रिक टिका



काठमाडौं । कार्यकर्ताको व्यापक विरोध र द्वन्द्वका बीच सूर्यबहादुर थापा राप्रपा र राजपाको एकीकृत महाधिवेशनबाट बनेको राप्रपाको अध्यक्ष भएका छन् । लोकतान्त्रिक विधिबाट निर्वाचन हुनुपर्छ भन्ने कार्यकर्ताको आवजलाई रोक्न नसकेपछि शनिबार अधिवेशन नै स्थगित गर्नु परेका थियो । रातारात पशुपति शम्शेर राणा र लोकेन्द्रबहादुर चन्दको प्रस्ताव र राजेश्वर देवकोटाको समर्थनमा आइतबार सर्वसम्मतिबाट सूर्यबहादुर थापा अध्यक्ष चुनिएको घोषणा सुनाइयो । राप्रपा र राजपा नाटकीय रूपमा एकीकरण भायो र थापाको निधारमा (बाँकी अन्तिम पेजमा)

# वैद्यको बाधा खिलराजलाई खीर

काठमाडौं । वैशाख १८ गते नेपाल आएका बेलायतका मन्त्रीसँग चुनावमा भाग लिन्छौं भनेका नेकपा-माओवादीका अध्यक्ष मोहन वैद्यले चुनाव रोक्न युद्ध गर्ने धम्की दिएका छन् । वैद्य समूहको नयाँ भाषा र भाषण छ, 'जबर्जस्ती चुनाव गर्न खोजे हतियार उठाउँछौं, मुक्ति आन्दोलन गर्छौं ।'

रामबहादुर थापा, सिपी गजुरेल, पम्फा भुषालसहित मोहन वैद्य मेची-महाकाली जागरण अभियानमा लागिरहेका छन् । सबै नेताको मुखबाटा एक स्वरमा निस्किरहेको छ, 'मंसिरमा चुनाव हुँदैन । जबर्जस्ती चुनाव गराउन खोजे हामी रोकेर छाड्छौं । निर्वाचन रोक्न मुक्ति आन्दोलन गर्नु परे पनि गर्ने हाम्रो पार्टीको नीति रहेको छ ।'

नेकपा-माओवादीका नेताहरूको ताजा आरोप यस्तो छ, प्रचण्ड तस्कर, भ्रष्ट, विदेशीलाई पार्टी प्रवेश गराउँदै हिँडेका छन् । नेपाली नागरिकता वितरण प्रक्रियाबाट नेपाललाई सिक्किमीकरण गर्ने राष्ट्रपति, खिलराज एण्ड कम्पनी, चारदलीय गिरोह, प्रतिस्पर्धा गरिरहेका छन् । अर्का लेण्डुप को हुने भन्ने दौड चलेको छ । यसरी नेकपा-माओवादी (बाँकी अन्तिम पेजमा)





## चुनावको मिति नतोकिँदै हत्या श्रृंखला

काठमाडौं । जेठ ६ गते सुतेका पूर्वस्वतन्त्र सभासद् सदरूल मियाँ हक जेठ ७ गते बिहान ८ बजे ओछ्यानमै खुकुरीले रेटेर मारिएको अवस्थामा भेटिए । इटाभट्टा उद्योग र पेट्रोल पम्प व्यवसाय समेत गर्ने मियाँले त्यस दिन ठूलै रकम ल्याएको हुनाले लुटेराले हत्या गरेको आशंका प्रहरीले गरेको छ ।

हिन्दू र मुस्लिम समुदायमा समेत सम्मान आर्जन गर्न सफल मियाँको हत्यापछि भड्किन सक्ने हिंसालाई रोक्न खिलराज रेग्मी सरकारले छानविन समिति गठन गरेको छ । तर मुस्लिम संघका एक प्रतिनिधि मण्डलले गृहमन्त्रीलाई भेटेर (ताज महोम्मद मियाँ) मुस्लिम प्रतिनिधिसहितको अर्को अनुसन्धान समिति गठन गर्न माग (बाँकी अन्तिम पेजमा)

## स्ववियू चुनाव जित्न नक्कली भर्ना

अभियान संवाददाता

काठमाडौं । आउँदो संविधानसाको निर्वाचन कति स्वच्छ र धाँधलीरहित होला भन्ने अनुमान लगाउन जनतालाई अब कुनै गह्रो पर्दैन । राजनीतिक दलका भातृ संगठनका रहेका विद्यार्थी संगठनहरूले क्याम्पसको स्ववियू निर्वाचनका लागि अहिले देखाएको क्याम्पसमा विद्यार्थी भर्नाको होडवाजीले चुनावी प्रक्रियालाइ सजिलै अनुमान लगाउन सकिने भएको छ ।

जेठ २३ गते त्रिभुवन विश्वविद्यालयसँग सम्बन्धित क्याम्पसहरूमा स्ववियूको निर्वाचन हुँदैछ । स्ववियू निर्वाचनलाई आफ्नो पक्षमा पार्न एमाओवादी, कांग्रेस, एमाले, नेकपा-माओवादीका भातृ संगठनहरूले माउ पार्टीसँगै पैसा मागेर क्याम्पसहरूमा आ-आफ्ना पक्षका विद्यार्थीहरू भर्ना गरेका छन् । विद्यार्थी संगठनहरूले रातारात विद्यार्थी भर्ना गरेपछि कतिपय क्याम्पसहरूमा विवाद समेत सिर्जना भएको छ । विद्यार्थी भर्ना गर्न त्रिविले अन्तिम समय जेठ ३ गतेको लागि निर्धारण गरिदिएको थियो । जेठ ३ गतेपछि विद्यार्थी भर्ना गर्न नपाइने भएको हुनाले मध्यरातसम्म पनि क्याम्पस प्रशासन खुला राखेर विद्यार्थी भर्ना गर्नुले स्ववियू चुनाव पनि पैसाकै आडमा जित्न विद्यार्थी संगठनहरू तँछाड मछाड गर्नुले निर्वाचन स्वच्छ र धाँधलीरहित र निष्पक्ष नहुने संकेत मिलेको छ ।

उपत्यकाका कतिपय क्याम्पसका प्रमुख विद्यार्थी संगठनहरूले सहमतिका आधारमा वरावरी विद्यार्थी भर्ना गरे भने कतिपय क्याम्पसहरूमा जेसँग बढी पैसा छ, उसैले बढी विद्यार्थी भर्ना गर्न भ्याएका छन् । खासगरेर रत्नराज्यलक्ष्मी, (बाँकी अन्तिम पेजमा)

## राष्ट्रवादी आन्दोलनको नेतृत्व राप्रपा नेपालले गर्ने

अभियान संवाददाता



काठमाडौं । राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालका अध्यक्ष कमल थापाले अबको राष्ट्रवादी आन्दोलनको नेतृत्व आफ्नो पार्टीले गर्ने उद्घोष गरेका छन् । पार्टी विस्तारका क्रममा बाँकेको कोहलपुरमा ५ गते युव मोर्चाको क्षेत्रीय सम्मेलन उद्घाटन गर्दै अध्यक्ष थापाले उक्त उद्घोष गरेका हुन् ।

क्षेत्रीय सम्मेलन उद्घाटन गर्दै अध्यक्ष थापाले अहिले राष्ट्रियता र प्रजातन्त्र खतरामा परेकाले राष्ट्रवादी आन्दोलन अपरिहार्य भएको बताउँदै आफ्ना कार्यकर्तालाई राष्ट्रवादी आन्दोलनका लागि गाउँ गाउँ गएर जनतालाई आन्दोलनमा सहभागी हुन (बाँकी अन्तिम पेजमा)

## रेग्मीको राजिनामा अपरिहार्य

काठमाडौं । चारदलीय सिन्डिकेटको विरोध गर्दै सडक संघर्षमा उत्रिएको नेकपा-माओवादीसहितका ३३ दलहरू मध्येका केही दलहरूले आउँदो संविधानसभाको निर्वाचनमा भाग लिने उद्घोष गरेपछि नेकपा-माओवादी पनि विस्तारै निर्वाचनमा सहभागी हुन सक्ने संकेत देखिएको छ । नेकपा-माओवादीलाई सडक संघर्षमा साथ दिइरहेका मधेसी जनअधिकार फोरम नेपालले मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मीले प्रधानन्यायाधीशबाट राजिनामा दिएको खण्डमा आफूले निर्वाचनमा भाग लिने उद्घोष गरिसेको छ । (बाँकी अन्तिम पेजमा)

## प्रचण्डको पाइला पूर्वराजातिर

काठमाडौं । एमाओवादीका अध्यक्ष प्रचण्ड र उनका हतियार तथा मतियार कृष्णबहादुर महराले पूर्वराजा निर्वाचनमा जान इच्छा गर्ने हो भने एमाओवादीले उम्मेदवार बनाउन तयार रहेको समाचार सार्वजनिक गरेका छन् । लोकमानसिंह कार्कीलाई अख्तियारमा स्थापित गरेपछि र राप्रपा नेपाल र एमाओवादीबीच संवैधानिक प्रतिस्पर्धा हुन्छ, भन्ने उद्घोष गर्दै प्रचण्ड तथा महराले चुनाव जित्नका लागि नयाँ स्टण्ड स्वरूप पूर्वराजालाई निर्वाचनमा जान निम्तो दिएका हुन् ।

विश्लेषकहरू यस घटनालाई प्रचण्डको पूर्वराजातिर बढेको पाइला भन्न थालेका छन् । एमाओवादीले ०६३ सालदेखि (बाँकी अन्तिम पेजमा)

## एमाओवादी र मधेसी दलका कारण निर्वाचन नहुने

काठमाडौं । तथाकथित ठूलादल भनिएका एकीकृत नेकपा माओवादी, नेपाली कांग्रेस, नेकपा एमाले र चरम अवसरवादी मधेशी मोर्चाले सहमति गरेर वहालवाला प्रधानन्यायाधीश खिलराज रेग्मीको नेतृत्वमा निर्माण गरेको निर्दलीय सरकारले पहिला असारमै संविधानसभाको दोस्रो निर्वाचन गराउने भनेता पनि निर्वाचनको वातावरण नै बनाउन नसकेपछि आगामी मंसिरमा निर्वाचन गराउने डंक पिट्न थालेको छ । सरकार निर्माण गर्ने चार दल नै अहिले रेग्मी सरकारको उछितो काड्न थालेका र नेकपा-माओवादीलगायत अन्य साना दलहरू समेत सडक संघर्षमा उत्रिएर सरकारको विरोध गर्न थालेका हुनाले मंसिरमा समेत निर्वाचन हुने कुरामा शंका उत्पन्न भएको छ ।





नेपाली कांग्रेस र नेकपा एमालेले तत्कालिन प्रधानमन्त्री डा.बाबुराम भट्टराई नेतृत्वको सरकारले गैरकानुनी रूपमा गरेका नियुक्तिहरू बदर गर्नुपर्ने माग सरकारसँग गरिहेका छन् भने एमाओवादी आफ्नो नेतृत्वको सरकारले (बाँकी अन्तिम पेजमा)

पढ्थ्यौं हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

मर्‍यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं । – *अभियानवाणी*

अभियान साप्ताहिक

## सम्पादकीय

# निर्वाचनका लागि रेग्मी राजिनामा देऊ

*चार प्रमुख दल भनिएका एकीकृत नेकपा माओवादी, नेपाली कांग्रेस, नेकपा एमाले र मधेसी मोर्चाको सहयोगमा मन्त्रिपरिषद अध्यक्ष बनाइएका वहालवाला प्रधानन्यायाधीश खिलराज रेग्मी नेतृत्वको सरकारका लागि आगामी मंसिरमा संविधानसभाको दोस्रो निर्वाचन गराउनु फलामको चिउरा चपाउनु सरह भएको छ । हत्या गरिएको संविधानसभामा उपस्थित भएका सबै दलहरुको सहयोग र समर्थनमा सरकार निर्माण गरिएको भए, निर्वाचन गराउन निकै सहज हुने थियो । तर ठूला दल भनेका चार दलले मात्र आपसी सहमति गरी फागुन ३० गते ११ बुँदे सहमति गर्दै चैत्र १ गते संविधान संशोधनका लागि संविधानको बाधा अड्काउ धारा १५८ नै संशोधन गरेर २५ वटा संविधानका धारा संशोधन गरेपछि मुलुक थप संकटग्रस्त बन्दै गएको छ ।*

*विश्वका कुनै पनि प्रजातान्त्रिक मुलुकमा केही दलको सहमतिमा राष्ट्रपतिले संविधान संशोधन गरेको इतिहास छैन । केही कट्टर कम्युनिष्ट मुलुकहरुमा बाहेक अन्य मुलुकमा राष्ट्रपति र दलहरुलाई संविधान संशोधन गर्ने अधिकार हुँदैन, तर हाम्रो मुलुकमा कथित ठूला दल भनिएका चार दलले अन्य दलहरुको सहमति नै नलिई संविधान नै संशोधन गरेर वहालवाला प्रधानन्यायाधीसलाई निर्दलिय सरकारको नेतृत्व दिएपछि चुनावी वातावरण अझ विग्रिएको छ । एकीकृत नेकपा माओवादीबाट विभाजित भइ गठन भएको नेकपा–माओवादीले अहिलेकै अवस्थामा कुनै हालतमा पनि निर्वाचनमा नजाने र निर्वाचन समेत हुन नदिने उद्घोष गर्दै सडक संघर्षमा उत्रिएको हुनाले आगामी मंसिरमा निर्वाचन हुने कुरामा विश्वास गर्न सकिने आधारहरु देखिएका छैनन् । रेग्मीलाई सरकारको नेतृत्व दिन सहमत हुने चार दलभित्र निर्वाचन सम्बन्धी ऐन कानुनका विषयमा व्यापक विवाद सिर्जना भएको छ । निर्वाचन आयोगले निर्वाचनका लागि आवश्यक पर्ने ऐन, कानुनको खाका तयार गरेर मन्त्रिपरिषदमा पठाएको यत्रो समय भइसक्दा समेत उक्त अध्यादेशका बारेमा सरकारले सहमति जनाउन नसकेको र अहिलेकै अवस्थामा सहमति जुट्न समेत नसक्ने भएको हुनाले मंसिरमा निर्वाचन हुनेमा आशंका उत्पन्न भएको हो ।*

*निर्वाचन आयोगले तयार पारेको आध्यादेश र आफुगन ३० गते चार दलबीच भएको सहमतिलाई अहिले एमाओवादी र मधेसी मोर्चाले परिवर्तन गर्नु पर्ने पक्षमा आवाज उठाइरहेका र समानुपातिकमा चुनिनका लागि एक प्रतिशत मत ल्याउनु पर्ने प्रावधानको पक्ष र विपक्षमा दलहरु रहेका र यिनै चार दल त्यसैको वरिपरी रहेर आरोप प्रत्यारोपमा उत्रिएका हुनाले मंसिरमा निर्वाचन हुन्छ भन्ने कुरामा विश्वास गर्न सकिरहेका छैनन् । चार दलले साँच्चिकै निर्वाचन चाहेका हुन भने अब अबिलम्ब रेग्मी सरकारलाई हटाएर दलीय नेतृत्वमा सरकार निर्माण गरेको खण्डमा मात्र निर्वाचन सम्भव देखिएको छ । नेकपा–माओवादीसहितका अन्य ३३ दलले निर्वाचनको नभएर प्रक्रिया र सरकारको मात्र विरोध गरेका हुनाले उनीहरुलाई निर्वाचन विरोधी भनेर ठूला ठूला डंक पिट्नु किमार्थ उचित हुँदैन । उनीहरुले त केवल दलिय व्यवस्थामा निर्दलिय सरकार र चार दलीय सिन्डिकेटको मात्र विरोध गरेर सडक संघर्षमा उत्रिएका हुन भन्ने हेक्क सम्बन्धित पक्षलाई हुनै पर्दछ ।*

*खिलराज रेग्मी सरकार बाहिरबाट हेर्दा बलियो देखिएता पनि भित्रि रुपमा उ कठपुतली सरकार मात्र भएको छ । बहुदलीय व्यवस्थाको प्राण भनेको व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका नै हुन् । अहिले व्यवस्थापिका छैन, कार्यापालिका र न्यायपालिकामा एउटै व्यक्ति आसिन रहेका हुनाले, रेग्मीले सर्वोच्च अदालतको प्रधानन्यायाधीशबाट राजिनामा दिएर निर्वाचनको बाटो खोल्नु नै मुलुक र स्वयं रेग्मीको हितमा हुनेछ । सडक संघर्षमा उत्रिएका दलहरुले समेत रेग्मीले प्रधानन्यायाधीशबाट राजिनामा दिनु पर्ने आवाज उठाएका हुनाले सबै दलले निर्वाचनमा भाग लिन्छन् भने रग्मीले प्रधानन्यायाधीशबाट राजिनामा दिनु नै निर्वाचनका लागि मार्ग प्रशस्त गर्नु हो भन्ने हामीले ठानेका छौं । नेकपा–माओवादीले निर्वाचन हुनै नदिने र चार दल र सरकारले सडक आन्दोलनमा गएका दलहरुका माग सम्बोधन नै नगरी जबर्जस्ती निर्वाचन गराउन खोजेको खण्डमा मुलुकमा ठूलो रक्तपात हुने सम्भावना भएको हुनाले त्यसलाई रोक्नको लागि भए पनि रेग्मीले राजिनामा दिनै पर्दछ भन्ने हामीले ठहर गरेका छौं ।*

# वाह ! लोकमान हुने की लोकमान मात्र

*देवेन्द्र चुडाल*

पूर्वमूख्य सचिव लोकमानसिंह कार्की अख्तियार दुरूपयोग अनुसन्धान आयोगको प्रमुख आयुक्त बन्नु अघि र प्रमुख आयुक्त भइसकेपछि पनि चर्चाको सिखरमै रहेका छन् । विगतमा कार्कीले के गरे, गरेनन् भन्दा पनि अबको उनको भूमिका कस्तो रहन्छ भन्ने नै महत्वपूर्ण पक्ष हो । अहिले मुलुकमा दुईवटा कुराले चर्चा पाएको छ । एउटा हो, निर्वाचन, अर्को हो कार्कीको अख्तियार प्रमुखमा नियुक्ति । पूर्व राजाले शासनसत्ता हातमा लिएका बेला कार्की सरकारको मुख्य सचिव रहेका थिए । उनले त्यसबेला पनि आफूलाई सुम्पिएको जिम्मेवारी राम्ररी नै निभाएका थिए । समय र परिस्थिति अनुसार व्यवस्था नै परिवर्तन भयो । मुलुक संवैधानिक राजतन्त्रबाट गणतन्त्रमा गयो । संवैधानिक राजतन्त्र रहेका बेला सरकारी सेवा र सुरक्षा निकायमा काम गर्ने व्यक्तिहरू गणतन्त्र आएपछि उनीहरूमाथि कारबाही हुनु पर्ने माग उठाउनु किमार्थ उचित हुँदैन । २०४६ सालको आन्दोलनपछि गठन भएको कृष्णप्रसाद भट्टराई नेतृत्वको सरकारले तत्कालिन पञ्चायती व्यवस्थामा रहेर काम गर्ने कोही कसैलाई काबरही गरेको थिएन । तत्कालिन प्रधानमन्त्री भट्टराईले एक सर्वाजनिक कार्यक्रममा विगतको व्यवस्थामा काम गरेका व्यक्तिहरू पनि सक्षम र योग्य रहेका हुनाले उनीहरूको लामो अनुभव र दक्षतालाई स्वीकार गर्नु नै प्रजातान्त्रिक व्यवस्थाको मूल धर्म र कर्तव्य हो समेत भनेर सबैलाई समेट्ने प्रयास गरेका थिए । पछिल्लो समयमा मुलुकका चार राजनीतिक दलले लोकमानसिंह काकीलाई अख्तियारको प्रमुख आयुक्तमा नियुक्ति गर्ने निर्णय गरेका हुन । तिनै चार दलको सिफारिस अनुसार संवैधानिक परिषद्ले कार्कीलाई अख्तियार प्रमुखमा नियुक्त गर्न राष्ट्रपति कहाँ सिफारिस गरेको हो । संवैधानिक परिषद्को सिफारिस अनुसार राष्ट्रपतिले नेपालको अन्तरिम संविधान अनुसार कार्कीलाई अख्तियार प्रमुखमा नियुक्त गरेका हुन् ।

पछिल्लो समयमा दलहरूबीच उत्पन्न भएका विवादहरूले कार्कीको नियुक्तिलाई विवादमा तान्ने प्रयास गरेपनि त्यस्तो विवादको कुनै औचित्य छैन । एक दुई दलले आगमी संविधानसभाको चुनावमा भाग लिनको लागि कार्कीको नियुक्ति बदर हुनु पर्ने माग राख्नु सोह्रै आना गलत हो । कार्की निर्वाचन गराउने निर्वाचन आयोगको प्रमुख नभएर भ्रष्टाचार नियन्त्रण गर्ने अख्तियार दुरूपयोग अनुसन्धान आयोगको प्रमुख भएका हुनाले निर्वाचन र कार्कीको नियुक्ति पूर्व र पश्चिमका विषय भएको हुनाले पूर्वाग्रही ढंगले कार्कीको विरोध गर्नुको औचित्य छैन । विश्वका धेरै मुलुकहरूमा राजनीतिक परिवर्तन भएपछि पनि पहिलाको सरकारमा काम गरिसकेका योग्य र सक्षम मानिसहरूलाई उसको योग्यता र दक्षता अनुसार काम दिएको उदाहरणहरू धेरै भेटिएका छन् । रूसमा अक्टोवर क्रान्ति सफल भएपछि लेनिनले समेत त्यहाँको जार शासन कालमा काम गरेका व्यक्तिहरूलाई क्रान्ति पछिको कम्युनिष्ट शासन कालमा उपयोग गरेका थिए । तर यहाँ भने पहिला आफैंले सही गरेर नियुक्त गर्ने निर्णय गरेपछि त्यसको मसी सुक्न नपाउँदै तिनै सही गर्ने दलहरू मध्येका नेपाली कांग्रेस र नेकपा एमालेले विरोध गर्नु आफैंले आफैलाई विश्वास गर्न नसक्नु नै हो । आफ्ना कार्यकर्तालाई सही सूचना प्रवाह गर्न नसक्नु र स्पष्ट अडान लिन नसक्नु राजनीतिक दलका नेताहरूको कमजोरी नै हो । मान्छेलाई वहिष्कार गरेर कुनै हालतमा बदल्न सकिँदैन । मान्छेलाई उसको योग्यता र दक्षता अनुसारको काम दिएको खण्डमा उसले समाजलाई नै बदल्न सक्छ भन्ने सिद्धान्त नै सही रूपमा मार्क्सवाद हो । त्यसैले राज्यले कसैलाई बहिष्कार र भेदभाव गर्न सक्दैन ।



पञ्चायती काल, त्यसपछिको संसदीय शासन काल अनि शाही कालमा काम गरेका धेरै व्यक्तिहरू अहिले पनि सरकारी उच्च ओहदामा काम गरिरहेका छन् । उनीहरूले जस्को सरकार बने पनि सरकारको नीति निर्देशनलाई स्वीकार गरी त्यसै अनुसार आफ्नो योग्यता र दक्षता देखाई रहेका हुनाले लोकमान सिंह कार्कीलाई मात्र विरोध गर्नु पूर्वाग्रहले पीडित हुनु हो । झण्डै सात वर्षदेखि नेतृत्व विहीन भएको संवैधानिक आयोग अख्तियारले अहिले योग्य र दक्ष प्रमुख आयुक्त पाएको छ । अबको अग्नी परीक्षा भनेको लोकमानसिंह कार्कीको हो । अब उनको नेतृत्वले गर्ने कामहरूको मूल्यांकन जनताले गर्ने छन् । कार्कीले कुनै आग्रह र पूर्वाग्रहले पीडित भएर होइन, प्रमाणका आधारमा आफ्ना कार्यहरू अगाडि बढाएको खण्डमा जनताले उनलाई स्यावास कार्की भन्नेछन् । मुलुक अहिले भ्रष्टाचारको जालोमा फसेको छ । केही भ्रष्ट व्यक्ति र तस्कर अनि व्यक्तिगत स्वार्थ पूरा गर्ने राजस्वमाराहरू कार्कीको विरोधमा उभिएका छन् । राजस्वमाराहरूको छानविन राजस्व अनुसन्धान विभाग र आन्तरिक राजस्व विभागले गरीरहेको भएपनि राजनीतिक दबाबका कारण कुनै निर्णय हुन सकिरहेको थिएन । अहिले तिनै व्यक्तिहरू कार्कीको विरूद्धमा खनिएर विभिन्न प्रकारका लभिङ्हरू गरिरहेका हुनाले त्यसतर्फ कार्की सजग हुनै पर्दछ । हिजो एक आपसमा भिड्ने र ज्यानै लिन समेत पछि नपरेको सुरक्षा निकाय र माओवादीका पूर्व लडाकुहरू एकै ठाउँमा बसेका छन् । हिजो एकले अर्कालाई देख्ने बित्तिकै गोली ठोक्ने व्यक्तिहरू अहिले एकले अर्कोलाई सम्मान गर्न थालेका छन् । हिजोका आन्दोलनकारीहरूको सुरक्षामा आज सरकारी सुरक्षाकर्मीहरूले उनीहरूको सुरक्षा गरिरहेका छन् । राज्यका अङ्गहरूलाई कहिले कसले प्रयोग गर्छ, कहिले कसले, एउटा गलत व्यक्तिको हातमा बन्दूक पर्‍यो भने त्यसले ज्यान लिन सक्छ । त्यही हतियार एउटा राष्ट्रवादी व्यक्तिको हातमा पर्‍यो भने उसले राष्ट्रघाती र देशद्रोहीहरूको अन्त्य नै गराउन सक्छ भन्ने सामान्य सिद्धान्त रहेको छ । अब भ्रष्टाचारविरूद्धको हतियार लोकमानले उठाउनै पर्दछ । अबको उनको भूमिका भनेको भ्रष्टाचार विरूद्धको लडाइँमा सिंगो अख्तियारलाई एक ढिक्का बनाएर अगाडि बढाउनु नै हो । त्यसमा उनले खुट्टा कमाउनु हुँदैन । मान्छेको योग्यता र दक्षताको मूल्यांकन अप्ठ्यारो समयमा हुने भएको हुनाले हिजोका तिता–मीठा कुराहरूलाई विगत सम्झँदै अब मुलुक र जनतालाई केही दिन सकेको खण्डमा कार्कीको नियुक्तीले सार्थकता पाउन सक्छ । कार्कीको नियुक्ति र निर्वाचन एक अर्काका परिपुरक होइनन/परिपुरक हुन सक्दैनन् । कार्कीको नियुक्तिले निर्वाचनलाई कुनै असर पार्दैन । बाटा नै फरक भएपछि कार्कीको नियुक्ति बदर नभए निर्वाचनमा भागै लिनौं भनेर होहल्ला गर्नु जनतामा जान नखोज्नु र जनतालाई विश्वास गर्न नसक्नु हो । राजनीतिक दलहरूका लागि जनता नै न्यायाधिश हुन् । जनताको आदेश राजनीतिक दलहरूले स्वीकार गर्नै पर्दछ । त्यसैकारणपनि राजनीति गर्न गठन गरिएका राजनीतिक दलहरू जनताकहाँ जान डराउनु भनेको जनताप्रति अविश्वास र न्याय खोज्न नजानु बाहेक अन्य केही हुन

**बाँकी ४ पेजमा**

# जनआन्दोलनमा देखिएको जनउर्जा कहाँ गएछ ?



राजन कार्की

०६२-६३ को जनआन्दोलनको सफलताको रामान्टिक आकर्षण समाप्त भइसक्यो । इन्द्राशनमा भष्मासँर बस्न पुगेपछि घर जलाएर आगो ताप्ने काम हुन्छ भन्ने उदाहरण बिगत ७ वर्षको कालखण्ड पर्याप्त रह्यो । वीपीपछि कांग्रेसमा, मदन भण्डारीपछि एमालेमा भिजन भएका कोही निस्केनन् । प्रचण्ड त चटके हुन्, उनको चटक अहिले पनि चलिरहेको छ । चटकेले चमत्कार गर्दैनन् । वाइरन भन्थे- जसले देशको मायाँ गर्दैन, उसले अरू कसैको पनि मायाँ गर्दैन । नेतालाई भगवानको अवतार मानेका आम जनता यतिखेर आत्मपीडाले क्षतविक्षत भएर कस्ता नेताको भर गरिएछ भनेर यतिखेर छटपटीमा परेको देखिदैछ । तर साइलेन्ट किलरहरू जनताको साइलेन्ट क्राई सुनिरहेका छैनन् ।

प्रधानन्यायधीशलाई सिंहदरवारमा बिराजमान गराउँदा पनि बिधिसम्मत नियुक्ती नहनुसक्ने रहेछ भन्ने उदाहरण अख्तियारमा लोकमान सिंह कार्कीको सिफारिस बन्नपुग्यो । चार शीर्ष दलको चयन र प्रधानन्यायधीश-मन्त्रिपरिषदको अध्यक्षको नेतृत्वमा बसेको संवैधानिक परिषदको स्वीकृति अन्ततोगत्वा निर्वाचनको वातावरण बन्नुपर्ने बेलामा तिक्तताको उत्पादन र सडकमा पुतला दहनको धुवाँ उत्सर्गनको कारण बन्यो ।

नेपाल एयरलाइन्सले हङ्कङ् लगायतका समुद्रामाथिबाट उड्नुपर्ने क्षेत्रहरूमा उडान गर्न रोक लगाउन बाध्य भयो । कारण के परेछ भन्दा समयमै १५ लाखको लाइफ ज्याकेट किन्न नसकेर रहेछ । त्यसै पनि रसातलतिर भास्सिदै गएको नेपाल एयरलाइन्स, १५ लाखको लाइफ ज्याकेट किन्न नसकेर ठाडै ३ करोड घाटा खानपुगेछ । हामी कस्तो व्यवस्थापन छान्दो रहेछौं र कस्तो व्यवस्थापन गरिरहेका छौं । यो सानो उदारहणमात्र हो ।

विकासको खुबै डिङ हाँक्छौं हामीहरू । जम्माजम्मी ३० महिनामा निर्माण सम्पन्न गरेर उत्पादन सुरू गर्ने भनी २०५९ सालमा ४.५ मेगावाटको मेलम्चीमा उत्पादन गृह डिजाइन भएको इन्द्रावती जलविद्युत आयोजना सुरू गरियो । ९० करोड खर्च हुने यो योजनाको ठेक्का चाइनिज पिङ ज्याङ कम्पनीलाई दिइयो र केही महिनाभित्रै ६४ करोड खर्च गरियो । यो योजनामा वाणिज्य वैंक, नेपाल वैंकहरूको समेत लगानी छ । त्यसपछि सुतेको यो योजना आज २०७० साल वैशाख अर्थात ११ वर्ष हुँदासमेत उठ्न सकेको छैन । किन ? कसको कमजोरीले ? विद्युत विकास विभाग अथवा नेपालका जलविद्युत आयोजनाका ज्ञाताहरू कोही पनि बोल्दैनन् । २०११ मै मेलम्चीको खोलालाई सुन्दरीजलमा झारेर राजधानीमा छेलोखेलो पानी वितरण गर्ने मेलम्ची खानेपानी आयोजना पँरा हुन २०१६ सम्म कुर्नु पर्ने भएको छ । त्यसमा पनि चाइनिज ठेकेदारले सुरूङ खन्ने काम छोडिसकेको छ, नयाँ ठेकेदार नियुक्त हुनसकेको छैन । हाम्रो विकासको गतिको एक झलक हो यो ।

अव आयो निर्वाचन र निकासका कुरा । २०६४ साल चैत २८ गते संविधानसभाको निर्वाचन सम्पन्न भयो । २ वर्षको आयु लिएर जन्मेको संविधानसभा ४ वर्ष बाँचेर २०६९ साल जेठ १४ गते दिवंगत भयो । शीर्ष दलहरू र ६०१ सभासदहरू मौन मलामी त गए, कसैले राम राम सम्म पनि भनेनन् । फेरि संविधानसभाको निर्वाचन गर्नुपर्छ भन्ने राजनीतिक सहमति बन्यो र असारमा गर्ने भनिए पनि कात्तिक-मंसिरमा निर्वाचन गर्ने भनेर प्रधानन्यायाधीशको नेतृत्वमा मन्त्रिपरिषद गठन गरिएको छ । तर, बिबाद उही छ- कुन पद्धतिमा जाने, कस्तो संघीयता, राज्यपुनर्संरचना कसरी गर्ने ? आदि आदि । यी विवादमा बहस चलेकै छैन । काँचो वायु छड्केजस्तो निर्वाचन हुन्छ, हुन्छ भन्ने र हावादारी रूपमा संविधानसभाको निर्वाचन अव रोकिनन भन्ने भाषण चर्कै सुनिन्छ । भावी नेपालको राष्ट्रिय नीति, खाका यस्तो हुन्छ भनेर कुनै दलले सार्वजनिक गरेका छैनन् । त्यसकारण पनि निर्वाचन हुन्छ भन्ने कुरामा दम देखिन्न । निर्वाचन भइहाल्यो भने पनि बैधानिक सरकार जन्मेला, संविधान जन्मन्छ भन्न सकिन्न ।

शीर्ष नेता हुँ भनेर दम्भ गर्ने प्रचण्ड एमाले सिद्धिसक्यो भन्छन् । एमाले प्रचण्डलाई राँची लगिहाल्नु पर्छ भनेर जवाफ फर्काए । सुशील कोइराला कांग्रेसले नजिते संविधान बन्दैन भन्न थालेका छन् । अर्थात् फेरि खुट्टा तान्ने प्रवृत्त बढेर गयो । फेरि मन कुढाएर बोल्ने, लाञ्छित गरेर गर्व गर्ने, एकदोस्राप्रति आक्षेप-कटाक्षेप गरेर आत्मशान्ति लिने प्रवृत्ति विकास भइसकेको छ । नेताहरूलाई चुनाव लागेजस्तो देखिन्छ तर यो तातो एकापसमा गालीगलौजको स्तरमा मात्र देखिन्छ । जसको कारण राजनीतिक दलका कार्यकर्ता र आम जनतामा बढेको नैराश्यतालाई हटाउन सफल भइरहेको छैन । घामजत्तिकै छर्लङ्ग सत्य के हो भने निर्वाचन भए वा नभए पनि राजनीतिक सहमति बिना राजनीतिक समस्याको निकास सम्भव छैन । खुट्टा तान्ने प्रवृत्तिले भिडन्तलाई निम्त्याउँछ, निकास निस्कन्न । बुद्ध मै हुँ, पृथ्वीनारायण शाह पनि मै हुँ भन्दैमा जनताले नपत्याइदिएपछि तोलाको बचन खोलामा गएन ? यति हेक्का पनि नराख्ने नेताले राजनीति गर्छु भन्नु भनेको 'हात्त तन्काएर मसल फुलाएजस्तो'मात्र हो । आजको नेपालमा पनि 'सान्चा पहलमानी' चल्ला र ?

वर्तमान राष्ट्रिय राजनीतिको आवश्यकता भनेको- प्रचण्ड, सुशील र झलनाथजस्ता १० जना नेता पार्टीमा सम्मानित भएर बस्ने र युवाहरूलाई सक्रिय राजनीतिको ढोका खोलिदिने हो भने लोकतन्त्रमा चारचाँद चम्कन्थ्यो । सुकिलामुकिला भएर सम्भ्रान्त जीवनयापनका लागि यिनलाई पेन्सनको व्यवस्था गरिदिए पनि हुन्छ । असफल हुने अनि ठाउँ पनि नछोड्ने, बुढो गोरूले गाई ओगटेजस्तो । यही हो माओको लोकतान्त्रिक केन्द्रीयता अथवा जयप्रकाश नारायणको समाजवाद ? घुम्दैफिर्दै रूम्जाटार, गाली राजनीतिमा अस्तव्यस्तता- यसरी त विधि र व्यवस्थापन, निर्वाचन र निकास केही पनि निस्कदैन । न त लोकतान्त्रिक संस्कार जन्मिन्छ, न लोकतन्त्र नै संस्थागत हुनसक्छ ।

जनआन्दोलनमा देखिएको जनउर्जा कहाँ गएछ ? नेताहरू सत्तामाद लागेर लठ्ठ छन्, त्यो उर्जा मरीच चाउरिएजसरी शान्त छ । जनउर्जा जिवन्त भएन भने राष्ट्रिय जीवन मँर्दासरि हुन्छ । राष्ट्रिय जीवन सक्रिय नहुनु भनेको विधि र व्यवस्थापन, निर्वाचन र निकासशँन्य हुनु हो । नेपाल त्यही विन्दँमा छ, जहाँबाट नयाँ नेपालको गन्तव्यको यात्रा प्रारम्भ गर्नुपर्थ्यो । आज पनि युवा जमात बेला बेलामा प्लेकार्ड बोकेर सडकमा निस्किरहेको छ- दण्डहीनताको अन्त्य गर, मानवाधिकारको रक्षा गर । अकुपाई बालुवाटार अभियानले मात्र पनि राजनीतिक नेताहरूलाई लज्जित पार्नुपर्ने हो, तर, नैतिकता नै नभएपछि के लोकलाज ? के इज्जत ? लोकतन्त्र यसरी दुबैतिर प्वाल परेको पुङमाङ् बन्नु भनेको हाम्रो बिगत, वर्तमान र भविष्यमा समेत आघात पार्नु हो । के के न चमत्कार गर्लँन् भनेको त, नेताहरूले आफ्नो अनुहारलाई समेत उज्यालो बनाउन सकेनन् । आज देशभरिमा एकजना पनि नेता सम्मान गर्न लायक छ भनेर भन्न सकिने अवस्था छैन ।

कृषि प्रधान देश नेपालमा गतवर्ष ११ अर्वको भटमासको तेल खपत भएछ । दातृराष्ट्रले दिएको दानमा विकास आयोजना सञ्चालन गर्ने हाम्रो देशमा ७० अर्वको पेट्रोलियम पदार्थ आयात भएछ । गरीवको २६औं मुलुक नेपालमा १९ अर्वको सँन आयात भएछ । मुस्ताङमा स्याउ कुहिएर गइरहेछ, हामी जर्मनको प्याज, चीन र इजरायलको स्याउ आयात गरेर स्वाद फेरिरहेका छौं । गेडागुडी मलेसियाबाट, सनफ्लावर साउदीबाट मगाइरहेका छौं । प्रत्येक दिन हजार, पन्द्रसय युवायुवतीको लर्को विदेशीदै छ । सबैको मुखमा एउटै कुरो छ- काम छैन, किन बस्ने यहाँ ? यो देशको भविष्य छैन । के हो यो ? सकभर स्वदेशमै बस्नुपर्छ, देशको भविष्य छ भनेर देखाउने जिम्मा रानजीतिक नेताहरूको होइन ? खाडीदेखि इजरायलसम्मका गल्लीगल्लीमा नेपाली युवायुवतीहरू जवानीमै 'पागलजस्ता' र कति त 'पागल' नै भइरहेका छन् । नेपालबाट मेनपावरले बेच्छ, विदेश पुगेपछि दलालले बेच्छ । नेपाली युवायुवती बस्तु भएका छन् । त्यो दर्दनाक दृश्यले देश हाँक्नेहरूलाई किन पीडा हुँदैन ? कि सत्ता र सत्ताका करिडरमा बस्नेहरूभित्र मानवीयता मरिसक्यो ? हामी जसरी राजनीतिक मतभेद र मनभेद लिएर मल्लयुद्ध गरिरहेका छौं, यसको सिधा असर उद्यम, उत्पादन, निर्यात र आत्मनिर्भरतामाथि खेलाँची गरिरहेका छौं । जबसम्म सहमति, समझदारी, समता र बिधिमा विश्वास गरेर अघि बढ्ने नैतिक चरित्र हामीले विकास गर्नेछैनौं, देश यसैगरेर युवाशक्ति निर्यात गरेर रेमिटान्स भित्र्याउने अर्थतन्त्रमा निर्भर रहनेछौं । रेमिटान्स अर्थतन्त्र भनेको टेको लगाएको घरजस्तै हो, यो जुनसुकै बेला गर्लामगुर्लुम ढल्नसक्छ ।

अर्थात्, चार दलले देशलाई बन्धक बनाएको छ, बर्बाद पारिरहेको छ । 'साइलेन्ट किलर' हो चार दलीय संयन्त्र । जनताको 'साइलेन्ट क्राई' नाक, कान, आँखा, मुख थुनेर बसेको यो संयन्त्रले सुनिरहेको छैन । लोकतन्त्र चार दलीय संयन्त्रको 'तोकतन्त्र' बनेको छ, जुन तोकादेशको पालना खिलराजको सरकारले इमान्दार खेतालाले झैं पालना गरिरहेको देखिन्छ । ३३ दल विमति प्रकट गरिरहेको छ र यो संयन्त्र खिलराजको काँधमा बन्दँक तेर्स्याएर 'ठोकतन्त्र' चलाउने रणनीति अख्तियार गर्दैछ । युद्धमा त कौशल चाहिन्छ, रणनीतिले मात्र लडिन्न, यो त निर्वाचन हो । निर्वाचन र संविधान निर्माणका लागि रणनीति होइन, सहमति मृतसञ्जिवनी हुन्छ । मृतसञ्जिवनी बुटीको प्रयोग गर्नुपर्छ भन्ने थाहा हुँदाहुँदै पनि चारदलीय संयन्त्र 'तोक र ठोक'मा खिलराजलाई 'सुपारी दिएर प्रयोग गर्ने आपराधिक गुण्डा' प्रयोग गरेझैं प्रयोग गर्न कम्मर कसेर लागेका छन् । जसको दुस्प्रभावको छिटाले अन्ततोगत्वा यही संयन्त्र गनाउने र बदनाम हुने निश्चित छ । हतारमा गल्ती गर्ने र फुर्सदमा पछुताउने भँल नगर्ने हो भने विधि र व्यवस्थापन, निर्वाचन र निकास निस्कने सकारात्मक सोच र उदार सहमतिको भाव लिएर चार दलीय सिन्डिकेटले आफँलाई 'कथित अलौकिकबाट लौकिक'मा परिवर्तित गर्न जरूरी छ ।

*rajan1956karki@yahoo.com*

**चार शीर्ष दलको चयन र प्रधानन्यायधीश-मन्त्रिपरिषदको अध्यक्षको नेतृत्वमा बसेको संवैधानिक परिषदको स्वीकृति अन्ततोगत्वा निर्वाचनको वातावरण बन्नुपर्ने बेलामा तिक्तताको उत्पादन र सडकमा पुतला दहनको धुवाा उत्सर्गनको कारण बन्यो ।**


## अख्तियार दुरूपयोग अनुसन्धान आयोगको अपिल

**सरकारी निकाय तथा सरकारको पूर्ण तथा आंशिक स्वामित्वमा रहेका सार्वजनिक संस्थाहरुमा हुने भ्रष्टाचारजन्य क्रियाकलाप, अनियमितता, ढिलासुस्ती तथा अनिर्णय जस्ता विकृतिहरुको नियन्त्रण गरी देशमा सुशासन कायम गराउने दिशामा अख्तियार दुरुपयोग अनुसन्धान आयोग सदैव क्रियाशील रहेको छ । यी सबै विषयहरु आयोगको एक्लो प्रयासले मात्र सम्भव नहुने हँदा सवोग्राही, नागरिक समाज, सञ्चारमाध्यम तथा आम जनसमदुायले त्यस्ता क्रियाकलापहरुका सम्बन्धमा यथार्थपरक सूचना, जानकारी र गुनासाहरु समयमै देहायको ठेगानामा उपलब्ध गराई भ्रष्टाचार नियन्त्रणको आयोगको अभियानमा सहयोग पुर्‍याई दिनु हुन अनुरोध छ । उजुरीको विषय र उजुरीकर्ताको विवरण गोप्य राखिने छ ।**

### अख्तियार दुरूपयोग अनुसन्धान आयोग

टङ्गाल, काठमाडौं
टेलिफोन नम्बर : ०१-४४४०१५१, ०१-४४३२७०८
टोल फ्रि नं. १६६००१२२२३३, फ्याक्स : ०१-४४४०१२८
इमेल : akhtiyar@ntc.net.np, वेभसाइट : ciaa.gov.np
मार्फत् वा आयोगमा सिधै सम्पर्क गरी उजुरी गर्न सकिनेछ।

# An assembly silenced

**A.G Noorani**

KASHMIR'S chief minister, Omar Abdullah, successfully foiled repeated attempts in Kashmir's legislative assembly to discuss Afzal Guru's case. In this, as on much else, he obediently followed his father's line.

As chief minister, Farooq Abdullah began touting the idea of making the Line of Control in Kashmir an international boundary between India and Pakistan with full knowledge of the fact that the people would not accept it. His minister for tourism, Ajatshatru Singh, took him at his word and proposed that the Kashmir assembly pass a resolution endorsing the partition proposal.

But Farooq Abdullah questioned the assembly's very right to discuss the issue. He said on March 1, 1997: "We have no right to debate on this issue. It is for the Union government and the prime minister to take any view on the subject." Worse, "we have no right to debate on the Line of Actual Control in the state assembly". That right very much exists.

The legislative assembly in Srinagar enjoys greater power than any other legislative assembly in India. Article 253 of the constitution of India empowers parliament to legislate even on matters in the state list "for implementing any treaty, agreement or convention with any other country".

The Constitution (application to Jammu and Kashmir) Order, 1954 applies Article 253 to Kashmir with this overriding proviso: "Provided that after the commencement of the Constitution (Application to Jammu and Kashmir) Order, 1954, no decision affecting the disposition of … Jammu and Kashmir shall be made by the government of India without the consent of the government" of Kashmir.

What else does it imply but that a "decision" regarding the "disposition" of Kashmir is yet to be made by international "agreement"? This order, made by the president on May 14, 1954, is still in force.

Thus the constitution recognises that the future of Kashmir is yet to be decided and that its people will have a decisive voice on it. Consent of the government implies consent of a democratic government responsible to an assembly elected in a free and fair election.

The assembly cannot legislate on foreign affairs . But a resolution adopted by it will represent the voice of the people and wield moral force. Hence the rigged elections. Sheikh Abdullah was permitted to contest the polls in 1977 only after he had concluded the fateful accord with Indira Gandhi in February 1975. She herself wrecked the accord in 1977 and it lost both legal efficacy and moral force. At any rate Article 253 and its proviso survive to this day.

Despite the rejection of their mercy petitions by the president, Tamil Nadu's chief minister J. Jayalalithaa herself moved a resolution in the state assembly, on Aug 30 2011, recommending commutation of the death sentences awarded to three convicts in the Rajiv Gandhi assassination case to life imprisonment "respecting the sentiments of the people of Tamil Nadu and the views of the political parties in Tamil Nadu".

Omar Abdullah tweeted: "If the Jammu & Kashmir assembly had passed a resolution similar to the Tamil Nadu one for Afzal Guru, could the reaction have been muted? I think not." Shortly thereafter on Sept 28, 2011 he had the resolution killed. It was moved by the fearless independent member of the legislative assembly Abdul Rashid. Orchestrated uproars forced frequent adjournments.

Afzal Guru was executed on Feb 9, 2013. When the assembly met three adjournment motions were moved by Omar Abdullah's National Conference and the opposition People's Democratic Party to discuss the delay in handing over his body to his family. There was debate but no vote. The issue has wider implications — the right of a legislative assembly in a federation to express its views on an issue of foreign policy which affects it or is of national or international significance. Courts have ruled that even municipal corporations have such a right.

In 1930 Sind's judicial commissioners' court held that the Karachi Municipal Corporation was entitled to discuss "political subjects" by a resolution of four paras. One expressed regret at the arrest and conviction of a corporator and urged "his better treatment in jail". Another sought leave for municipal employees "convicted for any political office". Two others protested at the imprisonment of Gandhi and at not placing some political prisoners "in the A Class of prisoners". Rupchand Bilaram, assistant judicial commissioner, said: "I am not prepared to hold that for the attainment of public objects it may not in certain instances be necessary or in any case be not proper for them to discuss political subjects or that the discussion of such subjects is ultra vires".

On July 10, 1958, a resolution was moved in the Bombay Municipal Corporation expressing its "deep regret about the execution of Mr Imre Nagy, a former prime minister of Hungary and its horror at the crime". The mayor rejected a point of order challenging the corporation's power to discuss such a motion. A single judge, Justice K.T. Desai, allowed the writ petition challenging his ruling. On appeal, a division bench reversed his judgement on April 3, 1959. Rupchand Bilaram's ruling was approved. The court held that the corporation was entitled to impart such public instruction. Does a legislative assembly in a federation enjoy less power than a municipal corporation?

The assembly in Srinagar has surely greater moral and legal right to opine on political issues than any other assembly in India. It is the centre's political stranglehold, which it enjoys through a coalition with a central party, the Congress, and the Kashmir government's servility which prevent the assembly from exercising its power and performing its duty. There is no constitutional impediment to its self-assertion.

## वाह ! लोकमान...

सक्दैन । कसैलाई कसैले अन्याय गर्‍यो भने न्यायको लागि अदालत जानै पर्दछ । अदालतले प्रमाणको आधारमा न्याय दिन्छ । राजनीतिक दललाई जनताले न्याय दिने हुनाले राजनीतिक दलहरूले कुनै एक व्यक्तिको नियुक्तिलाई लिएर निर्वाचनमा भागै लिँदैनौं भन्नु जनताको अपमान हो ।

लोकमानसिंह कार्कीलाई अख्तियार प्रमुखमा नियुक्ति गर्दा आकाश खसेको छैन । उनको नियुक्तिलाई लिएर निर्वाचनमा जोड्नु र सदासय र दुरासय भए पनि अनेक प्रकारका टिक्का–टिप्पणी हुनुले कार्कीको व्यक्तित्वलाई अझ माथि उठाएको छ । एउटा जिउँदो व्यक्तिको बारेमा सकारात्मक वा नकारात्मक भएपनि टिक्का–टिप्पणी हुनाले त्यस्ता व्यक्तिको व्यक्तित्व अरू माथि उठ्ने र उसलाई आफ्नो कार्यमा लाग्न अझ हौसला मिल्न सक्छ । चार दलले विश्वास गरेर कार्कीलाई राज्यको एक महत्वपूर्ण संवैधानिक निकायको प्रमुख बनाएका हुन् । अब उनले चार दलले गरेको विश्वासलाई कुनै हालतमा पनि घात गर्न मिल्दैन । भ्रष्टाचार जस्तो राष्ट्रको क्यान्सर रोगलाई पुरै नियन्त्रण गर्न नसकेपनि त्यसमा कमी भने आवश्य ल्याउन सकिन्छ । जनताका प्रत्यक्ष सरोकारका विषयहरू, मलपोत कार्यालय, नापी कार्यालय, विद्युत कार्यालय, जिविस, गाविस, महानगरपालिका, नगरपालिकाहरूमा व्यापक भ्रष्टाचार हुने गरेको छ । सेवाग्राहीले दाम नदिएसम्म जनताले सेवा पाउन नसक्ने अवस्था सिर्जना भएको अहिलेको अवस्थामा सहसचिव, सचिव हुँदै मुख्य सचिव समेत भइसकेका कार्कीलाई ति सबै विषयहरूमा राम्रो ज्ञान भएको हुनाले उनले नियुक्ति भएको करिब एक हप्ता भित्रैमा केही सक्रियता देखाएर विभिन्न नियकाहरूलाई निर्देशन समेत दिइसकेका हुनाले उनीबाट जनताले ठूलो आशा गरेको हामीले पाएका छौं । जनताको आशा एवं भरोसा र चार दलको विश्वासलाई घात गर्ने कार्यमा कार्कीले कोहीकसैसँग सम्झौता गर्नुहुँदैन । भ्रष्टाचारी भनेका भ्रष्टाचारी नै हुन् । उनीहरूको कुनै धर्म, जात हुँदैन, केवल उनीहरू पैसा मात्र देख्छन्, पैसा नै उनीहरूको सबै थोक हो । त्यसैले त्यस्ता भ्रष्टाचारीहरूलाई जरैदेखि उखेल्ने कार्यमा कार्की नेतृत्वको अख्तियार सक्रिय हुनै पर्दछ ।

भ्रष्टाचार जस्तो क्यान्सर रोगको निदान गर्ने महत्वपूर्ण जिम्मेवारी कार्कीले पाएका छन् । राज्यले उनलाई सुम्पिएको जिम्मेवारी कार्कीले पुरा गर्न नसकेको खण्डमा इतिहासले पनि कार्कीलाई सराप्ने र कालो अक्षरमा कार्कीको नाम लेखिने भएको हुनाले राज्यले दिएको जिम्मेवारी पुरा गर्न अब कार्कीले आफ्नो प्रशासकीय क्षमता र कार्यकुशलतालाई नेपाली समाजले दुरूपयोग होइन सदुपयोग भएको हेर्न चाहेका छन । अब कार्कीको अग्नि परीक्षा हुने वाला छन् । उनी अग्नी परीक्षामा उत्तीर्ण हुनै पर्दछ । प्रतिगमन, अग्रगमन भन्दा पनि वर्तमान राष्ट्रिय अभियानका सार्थक साधक बन्न सके उनको पक्षमा नकारात्मक टिप्पणी गर्नेहरू आफैं सेलाएर जानेछन् । कुनै एक दल वा एक व्यक्तिले कसैको मूल्यांकन गर्न सक्दैन, व्यक्तिको मूल्यांकन कामको आधारमा स्वयं जनताले गर्नेछन् । त्यसैले जनतालाई न्यायाधीशको पनि न्यायाधीश भनिने गरिन्छ । अबको कार्कीका बाटो भनेको विगतदेखि अहिलेसम्म भएका सबै अनैतिक कार्यहरूको निर्भिकतापूर्वक विना आग्रह, पूर्वाग्रह खोज अनुसन्धान गरी दोषीलाई कानुनको कठघरामा उभ्याएर कानुन अनुसार दण्ड दिलाएर मुलुकलाई भ्रष्टाचार मुक्त बनाउने कार्यमा उनले कदम चाल्नै पर्दछ । मुलुकको माग भ्रष्टाचारमुक्त समाज हो । अहिले मुलुकमा सरूवा, बढुवा, नियुक्तिमा समेत व्यापक रूपमा विभेद गर्ने गरिएको र पैसाको चलखेल हुने गरेको सबैले महसूस गरेकै विषयहरू हुन, यी सबै कुराहरूको जानकार स्वयम कार्की नै भएको हुनाले त्यसको निदानको लागि अख्तियारले सम्बन्धित सबै निकायहरूलाई समयसीमा तोकेरै कडा निर्देशन दिनैपर्दछ । पछिल्लो समयमा राजधानीमा सडक विस्तारको क्रमले जनतालाई संकटमा धकेलिएको छ । दुई महिनामा सम्पन्न हुनुपर्ने कामहरू एक वर्षसम्म पनि पुरा भएका छैनन् । के कारण र कसका कारणले कार्य सम्पन्न भएनन् भनेर सम्बन्धित जिम्मेवार पक्षलाई निर्देशन दिँदै समयमा कार्य सम्पन्न नगर्ने व्यक्तिलाई सजायको भागीदार बनाउँदै दण्ड सजायको व्यवस्थाका लागि उचित कदम कार्कीले चालेमा जनताले वाह ! लोकमान भन्ने छन् । अब कार्की वाह ! लोकमान हुने की लोकमान मात्र ।

*devendrachudal@gmail.com*

## महतोको अनशनलाई गुप्ताको समर्थन

काठमाडौं/ तत्काल चुनावको मिति घोषणा गर्नुपर्नेलगायतका माग राख्दै मंगलबारदेखि सुरू गरेको सद्भावना पार्टीका अध्यक्ष राजेन्द्र महतोको आमरण अनशनलाई अन्य मधेसवादी संघ संगठनहरूले पनि समर्थनको



घोषणा गरेका छन् । बुधबार रत्नपार्क शान्तिवाटिका पुगेका तराई मधेस राष्ट्रिय अभियानका संयोजक जेपी गुप्ताले महतोको अनशनलाई समर्थन र सहयोग गर्ने बताएका छन् ।

यसैगरी पूर्वपरराष्ट्रमन्त्री रमेशनाथ पाण्डे, नेता सर्वदेवप्रसाद ओझा तथा अन्य मधेसवादी नेताहरु अनशन स्थलमा पुगेर ऐक्यबद्धता जनाएका छन् । अनशनमा बसेका महतोले सरकारले चुनावको मिति घोषणा नगरेसम्म आफूले अनशन फिर्ता नलिने बताएका छन् ।

# यसरी गरौं फोहरमैला व्यवस्थापन

**परिचय**

मानिसले दैनिक जीवनमा प्रयोग गरि काम नलाग्ने र फ्याक्ने बस्तुलाई फोहोर भनिन्छ । मानिस आफू बसिरहेको ठाउँमा भिन्न खालको समस्या देखेर नै सु:खी बन्ने होडमा गाउँबाट बजार, बजारबाट शहर, शहरबाट विदेश जाने क्रममा छ । राष्ट्रिय र अन्तराष्ट्रिय क्षेत्रमा शहर कति सुन्दर छ र कति सुविधा छ भन्ने दृष्टिकोण बनाउन पनि सफा हराभरा बनाउन फोहोर रहित वा उत्कृष्ट किसिमले व्यवस्थापन गरेकै हुनुपर्छ । त्यसैले बेलाबेलामा राजनीतिक नेताहरूको चुनावी नारापनि काठमाडौलाई सफा, हराभरा बनाएर सिंगापुर बनाउने स्विटजरल्याण्ड बनाउने भन्ने हुन्छ । हामीले आफैंले बनाएको फोहर राम्ररी व्यवस्थापन गर्न सकेनौं भने ठुला ठुला रोगको महामारी नै फैलन सक्छ । शुरू शुरूमा फोहर व्यवस्थापन गर्ने उचित शिक्षाको कमीले नदीमा फ्याक्ने हुँदा खानेपानीलाई समेत प्रदुशित बनेको उदाहरण हाम्रै सामु छ । ट्वाइलेटको ढललाई समेत बागमति, विष्णुमति जस्ता पवित्र नदीनालामा मिसाईदिँदा अहिले राज्यलाई व्यवस्थापनमै ठुलो हैरानी भएको छ । बागमती सफा गर्ने नाउँमा हाल सयौं गैरसरकारी संस्था तथा नेपाल सरकारको अधिकार सम्पन्न बागमती सभ्यता विकास समितिले काम पनि गरिरहेको छ ।

**दैनिक उत्पादन हुने फोहोरका प्रकार र व्यवस्थापन**

**क. सेफ्टी ट्यांकी बनाउने :** प्रत्येक घरको ट्वाइलेटको दिशा पिसाबलाई सेफ्टी ट्यँाकी बनाएर जम्मा गर्नुपर्छ । राज्यले पनि सेफ्टी ट्यँाकी नबनाउने घरको नक्सा पास गरिदिनु हुँदैन । वा नबनाउनेलाई हदैसम्मको कडा कारबाही गर्नुपर्छ । त्यसलाई मलको रूपमा प्रयोग गर्न सकिन्छ ।

**ख. कुहिने खालका फोहोर :** यस्ता फोहोरलाई प्रत्येक घरमै अनिवार्य रूपमा कम्पोष्ट मल बनाउने खाल्डो र त्यसको व्यवस्थापन हुनुपर्ने ।

**ग. प्लाष्टिकजन्य फोहोर :** मानिसलाई समान ओसारपसार गर्नका लागि सजिलो हुने कारण पातला र पुन प्रयोग (च्भ गकभ) नहुने खालका प्लाष्टिक प्रतिबन्ध लगाउनुपर्छ । त्यस्ता उत्पादन उद्योगबाट रोक्नुपर्दछ ।

**घ. अस्पतालबाट निस्कने फोहोर :** अस्पतालबाट निस्कने फोहरहरू अन्य फोहरभन्दा पनि फरक हुने हुँदा त्यसलाई बायोग्यास प्लान्ट बनाई देशमा दैनिक आयात गरिने करोडौं रूपैँयाको व्यापार घाटालाई कम गर्न सकिन्छ ।

**ङ. औद्योगिक क्षेत्रका फोहोर :** खाद्य उद्योग, टेक्सटाइल उद्योग, छाला प्रशोधन गर्ने उद्योग र निर्माण सामाग्रीहरू उत्पादन गर्ने उद्योग जस्तै सिमेन्ट उद्योग लगायतका उद्योगबाट वातावरण लगायत सबै क्षेत्रमा प्रत्यक्ष असर गरेको हुन्छ त्यस्तो ठाउँमा रूखहरू लगाएर पनि वातावरण बचाउन सकिन्छ । रूखले धुलो र प्रदुषित वातावरणलाई स्वच्छ बनाउन महत्वपूर्ण भुमिका खेलेको हुन्छ ।

**च. जलाएर नष्ट हुने फोहोर :** अधिकांश फोहरहरू जलाएर नष्ट गर्न सकिने हुन्छ । जल्ने फोहरहरू मानवबस्ती भन्दा टाढा वा जलाउनकै लागि अलग भट्टी वा आधुनिक खालको प्रविधि अपनाएर गर्न सकिन्छ । कागजजन्य फोहोर जलाउँदा खरानी भएपछि मलकै रूपमा प्रयोग गर्न सकिन्छ ।

**छ. फोहोर व्यवस्थापन मानव बस्तीभन्दा टाढा :** फोहर व्यवस्थापन मानव बस्तीबाट टाढा बनाई दिर्घकालिन रूपमा ग्यँास प्लान्ट बनाई इन्धनको आयातलाई कटौती गर्न सकिन्छ ।

**फोहोरबाट हुने दिर्घकालिन असर**

**क. जीवनचक्रमा असर पुग्ने (जैविकि विविधतामा असर)**

मानिसले बनाएका विभिन्न खालका फोहरका कारण जीवजन्तुहरूको लोप हुन सक्दछ । जसका कारण कुनै न कुनै रूपमा मानब जिवनमा सहयोग गर्ने हाम्रा महत्वपूर्ण बन्यजन्तु र जीवजन्तुहरूको लोपका कारण मानव जीवनमा खतरा हुन सक्छ । जस्तो फोहरका कारण काठमाडौको बागमति, विष्णुमति लगायतका नदी तथा खोलाहरूमा माछाहरू नहुनु पनि एउटा कारण हो ।

**ख. जलबायु परिवर्तन :** शहर अति फोहोर भएर प्रदुषित भएपछि औद्योगिक ग्यँासका कारण बायुमण्डलको तापमान बढ्न जाँदा बर्षा कम हुने, बढी गर्मी हुने जस्ता अनौठो खालको परिवर्तन हुन्छ ।

**ग. महामारी खालका रोग फैलनु :** शहरमा हाल देखिएका नयाँ नयाँ संक्रमण हुने खालका स्वयन फ्लु, हैजा, क्षयरोग जस्ता रोगहरू फैलिनु पर्ने फोहरकै कारण हो ।

आम्दानीको रूपमा लिइने पर्यटन व्यवसायलाई फोहरका कारण ठुलो असर पर्न सक्छ । फोहर शहरमा पर्यटकहरू आकर्षण गर्न सक्दैन जसरी फ्रान्समा लामखुट्टे हुँदैन । त्यहाँका पर्यटक नेपाल आएर लामखुट्टे उड्स र उपियाँ भएको होटलमा कसरी बस्न सक्छन् ।

सरकारले फोहरमैलालाई उचित व्यवस्थापन गर्नका लागि फोहरमैला व्यवस्थापन प्राविधिक सहयोग केन्द्रको स्थापना गरेको छ । यसका क्षेत्रगत आधारहरू निम्न प्रकार छन् :-

आ.व. ०३६/३७ मा "नेपाल सोलिड वेष्ट मेनेजमेण्ट प्रोजेक्ट" को रूपमा स्थापना भएको फोहरमैला व्यवस्थापन केन्द्र २०३८ सालको गठन आदेश बमोजिम विकास समितिमा परिणत हो । फोहरमैला प्रबन्ध तथा श्रोत परिचाल ऐन, २०४४ अनुसार फोहरमैला प्रबन्ध तथा श्रोत परिचालन केन्द्रको स्थापना भएको हो । फोहरमैला व्यवस्थापन ऐन, २०६८ जारी भएपछि फोहरमैला व्यवस्थापन प्राविधिक सहयोग केन्द्रको स्थापना भई सोही ऐनको नियमावली तर्जुमा गरी सम्बन्धित मन्त्रालयमा पेश भैसकेको ।

कार्यक्रमको संक्षिप्त परिचय

**१. आयोजनाको क्षेत्र र कार्यको प्रकृतिः**

- नेपालका सबै नगरपालिकाहरू र स्थानीय निकाय ।
- फोहरमैला व्यवस्थापनमा नगरपालिकाहरूलाई प्राविधिक सहयोग (जनशक्ति तथा संस्थागत क्षमता विकास, फोहरमैला व्यवस्थापन स्थलहरूको वातावरणीय अध्ययन), फोहरमैला व्यवस्थापन सम्बन्धी अध्ययन, अनुसन्धान, प्रविधिको आयात र विस्तार, जनचेतना अभिवृद्धि गरी व्यवहार परिवर्तन गर्ने, आम सञ्चार माध्यमहरूमा सूचना प्रवाह गर्ने, फोहरमैला व्यवस्थापन कार्यको वातावरणीय अनुगमन गर्ने ।
- काठमाण्डौ उपत्यकाको फोहरमैला व्यवस्थापन पूर्वाधार विकास ।

**२. आयोजनाको लक्ष्य/उद्देश्य**

- नेपालका सबै नगरपालिका र स्थानीय निकायहरूलाई प्राविधिक सहयोग गरी क्षमता अभिवृद्धि गर्ने;
- फोहरमैला व्यवस्थापन सम्बन्धी नीति निर्माण गर्ने,
- फोहरमैला व्यवस्थापन ऐन, नियम, निर्देशिका र मापदण्ड अनुसार स्थानीय निकायहरूमा वातावरणीय अनुगमन गरी सुधारको लागि सम्बन्धित निकायमा सिफारीश गर्ने,
- फोहरमैला व्यवस्थापनमा सार्वजनिक निजी साझेदारी सहभागिता अभिवृद्धि गर्न उत्प्रेरित गर्ने र निर्देशिका तयार गर्ने,
- व्यापक जनचेतना अभिवृद्धि कार्यक्रम मार्फत फोहरमैला न्यूनिकरण गरी श्रोत परिचालन गर्न सामुदायिक सहभागिता जुटाउन तालिम सञ्चालन गर्ने र आमसञ्चारका माध्यमहरूबाट सूचना प्रवाह गर्ने,
- फोहरमैला व्यवस्थापनका नयाँनयाँ प्रविधिको अध्ययन विकास र विस्तार गर्ने । जस्ता लक्ष्यहरू लिएको छ ।

आयोजनाको मुख्य कार्यहरू :

- नेपालका सबै नगरपालिका र स्थानीय निकायहरूलाई फोहरमैला व्यवस्थापनमा प्राविधिक सहयोग गरी क्षमता अभिवृद्धि गर्ने,
- फोहरमैला व्यवस्थापन सम्बन्धि अध्ययन अनुसन्धान गर्ने तथा उपयुक्त प्रविधिको विकासको लागि कार्ययोजना बनाई लागु गर्ने,
- सार्वजनिक निजी साझेदारी कार्यक्रम कार्यान्वयनका लागि प्रभावकारी भूमिका निर्वाह गर्ने,
- फोहरमैला व्यवस्थापन सम्बन्धी जनचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने र आमसञ्चारका माध्यमहरूबाट सन्देशमूलक सूचना प्रवाह गर्ने,
- फोहरमैला व्यवस्थापन कार्यको वातावरणीय अनुगमन गरी सुधारका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने,
- काठमाण्डौ उपत्यकाको फोहरमैला व्यवस्थापन पूर्वाधार विकास कार्यको लागि आवश्यक सहयोग गर्ने,
- ल्याण्डफिल साइट प्रभावित क्षेत्रको पहिचान तथा वर्गीकरण अध्ययन गर्ने,
- वञ्चरेडाँडा दीर्घकालीन ल्याण्डफिल साइटको पूर्वाधार विकासका लागि विस्तृत इञ्जिनियरिङ्ग सर्वेक्षण तथा डिजाइन इष्टिमेट तयार गर्ने ।
- काठमाण्डौ उपत्यकामा च्भअथअहिलन ागकभफ र क्षमता पूरा भई बन्द भएको गोकर्ण डम्पिङ्ग साइटमा च्भअथअहिलन न्बचमभल निर्माण गर्ने ।

**आयोजनाको हालसम्मको प्रमुख उपलब्धी**

- एकीकृतरूपमा काठमाण्डौ उपत्यकाको फोहरमैलालाई सार्वजनिक निजी साझेदारीमा व्यवस्थापन गर्न गठित फोहरमैला व्यवस्थापन सम्बन्धी उच्च स्तरीय समितिको सचिवालयको रूपमा केन्द्रले महत्वपूर्ण भूमिका निर्वाह गरी उक्त कार्यको भ्क्ष् र च्ँए सम्बन्धी कार्यहरू सम्पन्न गरेको छ ।
- काठमाण्डौ उपत्यकाको फोहरमैला व्यवस्थापन पूर्वाधार विकास (प्रवेशमार्ग निर्माण, अल्पकालिन ल्याण्डफिल साइट निर्माण)कार्य गरेको छ ।
- वञ्चरेडाँडा दीर्घकालिन ल्याण्डफिल साइटको भ्क्ष् अध्ययन सम्पन्न, ल्याण्डफिल साइट र द्यगाभच श्यलभ को लागि प्रथम र दोश्रो चरणमा गरी जम्मा १७२० रोपनी जग्गा अधिग्रहण गरी मुअब्जा वितरण भैसकेको, वञ्चरेडाँडासम्मको प्रवेशमार्गको ट्र्याक निर्माण गरिएको र अधिग्रहण गरिएको क्षेत्रमा निर्मित घर, टहराको मुअब्जा र बाली क्षतिपूर्तिका लागि प्राविधिक मूल्या□न सम्पन्न भई क्षतिपूर्ति वितरण गर्ने निर्णय भएको तथा उक्त क्षेत्रको तारवारको कार्य भैरहेको ।
- ल्याण्डफिल साइट प्रभावित क्षेत्रमा स्थानीयस्तरबाट प्राथमिकता प्राप्त योजनाहरू सञ्चालन गर्न जिल्ला विकास समिति मार्फत सशर्त अनुदान उपलब्ध गराइएको,
- फोहरमैला व्यवस्थापन प्राविधिक सहयोग कार्यक्रम अन्तर्गत चालु वर्षमा २९ वटा नगरपालिकाका कर्मचारीहरूलाई १ महिने क्षमता विकास तालिम प्रदान; ग्ल(ज्व्यक्षत्व सँगको सहकार्यमा १५ वटा नगरपालिकाहरूको क्तचबतभनक्ष एबिल र ब्वतच्यल एबिल तयार गरी एषयित एचयवभअत सञ्चालन गरिएको ।
- हालसम्म १० वटा नगरपालिकाहरूको स्यानिटरी ल्याण्डफिल साइटको वातावरणीय मूल्यांकन सम्पन्न भएको ।
- वागलुङ्ग, भरतपुर, तानसेन र मेचीनगर नगरपालिकाहरूको स्यानिटरी ल्याण्डफिल साइटको म्तवबर्ष्भिकब्नल तयार भएको ।
- त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर क्याम्पस र वीर अस्पताललाई प्राविधिक सहयोग उपलब्ध गराई वायो ग्यास प्लाण्टको स्थापना ।
- फोहरमैला न्यूनिकरण सम्बन्धी तालिम, गोष्ठी/अन्तरक्रिया कार्यक्रमहरू संचालन गरिएको ।

फोहरमैला व्यवस्थापन ऐन, २०६८ कार्यान्वयनका लागि सरोकारवालाहरूको सहभागितामा गोष्ठी/अन्तरक्रिया कार्यक्रमहरू फोहरमैला व्यवस्थापन सम्बन्धी जनसहभागिता बढाउन आमसञ्चारमाध्यमहरूबाट सन्देशमूलक लेखरचना, सूचना प्रकाशन, श्रव्यदृष्य सामाग्री निर्माण र प्रशारण, एफ.एम. रेडियोबाट सूचना प्रवाह कार्यक्रम लक्ष्य अनुसार सञ्चालन गरिएको छ ।

- फोहरमैलालाई श्रोतमै छनौट गरि कुहिने फोहलाई घरमै व्यवस्थापन गरि फोहरको पुनः चक्रिय प्रयोग गरौं ।
- जैविक फोहरबाट कम्पोष्ट मल, बायो ग्यँास उत्पादन गरि श्रोतको रूपमा प्रयोग गर्ने बानी बसालौं ।
- जहाँतहीं, जतिबेला पायो त्यतिबेला फोहर नफालौं, तोकिएको सयम र स्थानमा मात्र फोहर व्यवस्थापन गरि सभ्य नागरिकको परिचय दिऔं ।
- फोहरमैला व्यवस्थापन ऐन २०६८ लागू भैसकेको छ त्यसैले हानिकारक स्वास्थ्यजन्य तथा राशायनिक फोहरमैला उत्पादन गर्ने व्यक्ति संस्था वा निकायले त्यस्तो फोहरमैला तोकिए बमोजिम व्यवस्थापन गर्नुपर्ने छ । यस्ता फोहरमैला जथाभावी फाल्ने, राख्ने वा निष्कासन गर्ने गराउनेलाई कसुर गरेको मानिने छ ।
- कसुर गर्ने व्यक्तिलाई स्थानीय निकायले दण्ड, जरिवाना तथा तीन महिनासम्मको जेल सजाए समेत हुन सक्नेछ ।
- जथाभावी फोहोरमैलो राख्ने, थुपार्ने वा फाल्ने व्यक्तिको बारेमा प्रमाण सहित उजुरी दिने व्यक्तिलाई सम्बन्धित स्थानीय निकायले सम्मान एवं पुरस्कार समेत दिनसक्नेछ ।
- नबिसौं टोल, शहर सफा राख्नु हामी सबैको कर्तव्य हो ।
- सफा शहर, स्वच्छ वातावरण र स्वस्थ्य विचार राखौं ।

"Centrally Located For Your Convenience"

"JUST SIT BACK & AWAIT THE SAFE ARRIVAL OF YOUR GOODS WITHOUT ANY WORRY"

OUR SERVICE INCLUDES

- Advice on price and reliable manufacture for the purchase of Garments, Carpets. Handicrafts ets.
- Receiving and handling orders and paying manufacturers during your absence
- Collection and careful packing of your goods.
- All paper work, document ation, customs clearance and delivery of goods.to the airport.
- References available wordwide

Ritual Freight P. Ltd.
Thamel, P.O. Box : 10344, Kathmandu, Nepal
Tel : 4251942/4253842, Fax : 977-1-4251842
Email : dilli@rfl.wlink.com.np

# प्रचण्डको हावादारी दम्भ

*रोशनकृष्ण रंजीतकार*

०४७ सालको पछि संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्र थियो, यो स्थितिलाई १७ हजारको ज्यान लिने जनयुद्धले परिवर्तन गरिदियो । बहुदल लोकतन्त्रको आवरणमा देखाप-यो । १२ बुँदे दिल्ली सम्झौतापछि सार्वजनिक भएका प्रचण्डले गिरिजाप्रसादलाई समेत घात गरिदिए । संविधानसभाको निर्वाचन, संविधानसभाको बिघटन र फेरि निर्वाचनका नौटंकी दृश्यहरू देखिन थालेका छन् । पहिलो निर्वाचनले के लछारपाटो लायो र पछिल्लो निर्वाचनले के गर्छ, जनतालाई अत्तोपत्तो छैन । अब माओवादीहरूको गतिविधिले कसरी सत्ता कब्जा गर्ने र २०-२५ वर्ष शासन आफ्नो हातमा लिने भन्नेतिर लक्षित हुनथालेको छ । आगामी निर्वाचनलाई आफ्नो पक्षमा पार्न एमाओवादी अनेक तालेमेल, जालझेल र डिजाइन गर्दैछ । जुन डिजाइनमा कांग्रेस र एमाले फनफनी चक्कर लगाउन थालेका छन् । तथापि अग्रगमनकारी नयाँ संविधानको लागि निर्वाचन भनेर भाषण गर्न कुनै पनि दल चुकेको देखिदैन ।

स्थितिमा तात्वीक अन्तर आएको छैन । ०६४ सालको निर्वाचनपछि जुन विषयहरूमा बिमति थिए, बिबाद थिए आज पनि ती बिबादहरू यथाबत छन् । पद्धति र संघीयताको खाकामा समेत सहमति भएको छैन । घमण्ड एमाओवादीलाई छ, कमजोरी अरू दलहरूमा पनि देखिन्छ । सहमतिको वातावरण बनाउन त्याग चाहिन्छ, दूरदर्शिता चाहिन्छ, ती विशेषता कुनै पनि दलमा विद्यमान छैनन् । संविधानसभापछि सामान्य दल बनेका कथित शीर्ष दलहरू सिन्डिकेट बनाएर धक्कु लगाइरहेका छन् । यिनीहरूको राजनीतिक मार्ग नयाँ संविधानसम्म पुग्ने मार्ग बनेकै छैन फेरि किन यिनीहरू दोस्रो संविधानसभाको निर्वाचन भनेर कुर्लिरहेका छन् । बुझ्न सकिन्न । प्रचण्ड आफूलाई नेपालको राजनीतिक एकताको प्रतिक ठान्छन् र यही दम्भ उनले ७ दिने चीन र ४ दिने भारत भ्रमणमा प्रदर्शन गरे । राष्ट्रले के पायो ? आज राष्ट्र पहिचानको मामिलामा बलियो हुन जरूरी छ । व्यक्ति बलियो भएर केही हुन्न । राजनीतिक सहमतिको बल र सरकारको समर्थन नलिई चीन र भारत भ्रमण गरेर प्रचण्डले राष्ट्रिय एजेन्डा प्रस्तुत गरेनन् । राष्ट्रले राष्ट्रलाई दिने सम्मान प्रचण्डको भ्रमणबाट प्राप्त हुनसकेन । तैपनि प्रचण्डले फाइफुट्टी लगाए, जनता जिल्लाराम परे । चीनले जातीय संघीयतामा जानुहुन्न भन्ने सुझाव दिएको छ भने भारतले भाषिक संघीयताको सूत्र घोकाएर पठाएको छ । एकल जातीय पहिचान र एक मधेस एक प्रदेशमा समर्थन गरेर मधेसी मोर्चासँग एकता गर्ने प्रचण्ड अव के गर्छन् ? उनको र एमाओवादी पार्टीको नीति के हुन्छ ? प्रचण्डको भ्रमणको निष्कर्ष भनेको नेपाललाई संघीयता घातक छ भन्ने हो ।

चीन आफ्नो सुरक्षाका लागि नेपालमा संघीयता चाहदैन भने भारत अस्थिरताबाट लाभ लिन पल्केकाले संघीयताको झगडा चाहन्छ । नयाँ संविधानको बाधक भनेको संघीयता हो भने नेपालको एकता छिन्नभिन्न पार्ने साजिस पनि संघीयता नै हो । संघीयताबाट देश पछाडि फर्कन सक्दैन भने यही मामिलाबाट देश टुक्रा टुक्रा हुने खतरा पनि देखिन्छ । निल्नु न ओकल्नुको संघीयतालाई कसरी संस्थापन गर्ने ? यसका लागि राजनीतिक बिमति बढ्दोछ, सहमति तुहिदो छ ।

## लागूऔषधसहित दुई पक्राउ

काठमाडौं । सशस्त्र प्रहरी बल निलबाराही गण बलम्बुबाट खटिएको एपीएफ टोली र स्थानीय प्रहरीले काठमाडौंको नागढुंगाबाट लागूऔषधसहित दुई जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा पर्सा जिल्लाको विरगंज उपमहानगरपालिका ३ वस्ने अम्मर सेस र सोही उपमहानगरपालिका १९ वस्ने दवन प्रधान छन् । उनीहरूलाई डाईजापाम दुई सय वटा र न्युरोफिन २८ वटासहित पक्राउ गरिएको हो ।

एपीएफ टोलीले सवारी साधनमा जाँच गर्नेक्रममा उनीहरूले ना.३ ख ८११७ नम्बरको यात्रुबाहक वसमा लुकाई छिपाई ल्याँउँदै गरेको अवस्थामा उक्त लागूऔषध फेला परेपछि उनीहरूलाई पक्राउ गरिएको हो । पक्राउ परेकाहरूलाई बरामद लागूऔषधसहित आवश्यक करावाहीको लागि स्थानीय प्रहरीमा बुझाइएको छ ।

त्यसैगरी सशस्त्र प्रहरी बल उपत्यका सुरक्षा गणबाट खटिएको एपीएफ टोलीले अवैध हतियारसहित सिन्धुलीको कमलामाई-३ घर भई काठमाडौं चावहिल-२ मा बस्ने २३ वर्षिय सूर्य तामाङलाई पक्राउ गरेको छ । एपीएफ टोलीले तामाङलाई काठमाडौं चावहिलस्थित हिमालयन मेट्रो गेष्ट हाउसबाट उक्त हतियारसहित पक्राउ गरेको हो । तामाङका साथबाट एपीएफ टोलीले 'मेड इन युएस' लेखिएको एउटा ९ एमएम पेस्तोल तथा सोको दुई थान म्यागजीन र पाँच राउण्ड गोली बरामद गरेको छ । बरामद हतियारसहित निज तामाङलाई आजै आवश्यक कारवाहीको लागि प्रहरीमा बुझाइएको छ ।

## क्लिन इनर्जी विश्वको उत्कृष्ट २५ मा

काठमाडौं/ क्लिन इनर्जी डेभलपमेन्ट बैंक संसारकै २५ प्रमुख प्रगतिशील नैतिक बैंकमध्ये एकको रूपमा ग्लोबल एलायन्स फर बैंकिङ अन भ्यालुजको नेपालको एक मात्र र एसियाकै तेस्रो सदस्य बैंकको रूपमा चयन भएको छ । नैतिक तथा सामाजिक रूपमा उत्तरदायी बैंकको विश्वव्यापी गठबन्धनका सबै सदस्य बैंक तथा वित्तीय संस्थाले बैंकिङ प्रणालीलाई दीर्घकालीन रूपमा हित तथा वास्तविक अर्थव्यवस्था सशक्त बनाउन आर्थिक, सामाजिक तथा पर्यावरणमैत्री बैंकिङ पद्धतिमा आधारित सिद्धान्त अँगालेका छन् ।

नेदरल्यान्ड सरकारको प्रमुख स्वामित्व रहेको युरोपकै सबैभन्दा ठूला बहुपक्षीय बैंकमध्ये एक एफएमओ बैंकको वैदेशिक लगानी रहेको क्लिन इनर्जी डेभलपमेन्ट बैंक स्वच्छ ऊर्जामा लगानी गर्ने नेपालको एक मात्र निजी क्षेत्रको वित्तीय संस्था हो ।

सन् २००६ मा स्थापित बैंकले १ सय ५५ मेगावाटका २६ जलविद्युत् परियोजना प्रवर्द्धन गर्न लगानी प्रतिबद्धता जनाइसकेको छ । क्लिन इनर्जीले सन् २०१० मा नेपालको सर्वोत्कृष्ट डेभलपमेन्ट बैंक र पारदर्शीताका लागि २०११ मा आइक्यानबाट वेस्ट प्रेजेन्टेड एकाउन्टिङ अवार्ड प्राप्त गरेको थियो ।


**नेपाल सरकार**
**अर्थ मन्त्रालय**

**राजस्व अनुसन्धान विभागको सूचन**

**तपाईंको घर, छिमेक, टोल र समुदायमा कसैले कालो धन्धा, अवैध सामानको ओसारपसार, कर छली जस्ता क्रियाकलापबाट अकुत सम्पति कमाई आर्थिक अपराध तथा सामाजिक प्रदुषण गरेको वा आयकर,मुल्य अभिबृद्धि कर, भन्सार महशुल, अन्तशुल्कगैरकर छली गरी राजस्व चुहावट गरेको वा विदेशी विनिमयको अपचलन तथा सम्पति शुद्धिकरण जस्ता गलत आर्थिक आचरण गर्ने ब्यक्ति वा संस्थाको जानकारी दिनुहोस । तपाईको नाम र ठेगाना गोप्य रहनेछ । तपाईले दिएको अमूल्य सूचनाले राष्ट्रको ढुकुटी बढाउनमा महत्वपुर्ण योगदान पु-याउने छ । तपाईले दिएको सूचना वापत कानुन बमोजिम पुरस्कृत समेत गरिनेछ ।**

**टेलिफोन नं. : ०१-५०१००८५, ०१-५०१००५७, ०१५५२७८८५, ०१५५५१८०२**
**टोल फ्रि नं. १६६०-०१-५५००० फ्याक्स नं. : ०१-५५४२०२३**


## ढकाल ग्लोबल फोरम अन रेमिट्यान्समा सहभागी

काठमाडौं/ इन्टरनेसनल मनी एक्सप्रेस (आइएमई) का कार्यकारीअध्यक्ष तथा ग्लोबल आइएमई बैंकअध्यक्ष चन्द्रप्रसाद ढकालले विश्व बैंक र कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोषद्वारा आयोजना गरिएको एसिया-प्यासिफिक राष्ट्रको रेमिट्यान्ससम्बन्धी तीनदिने ग्लोबल फोरम अन रेमिट्यान्स- २०१३ कार्यक्रमलाई थाइल्यान्डको राजधानी बैंककमा सम्बोधन गरेका छन् ।

फोरममा 'रेमिट्यान्सको वर्तमान बजार अवस्था, अवसर तथा चुनौती' नामक कार्यपत्र प्रस्तुत गर्दै अध्यक्ष ढकालले रेमिट्यान्स बजारलाई बृहत्तर बनाई पैसा पठाउनका लागि औपचारिक माध्यम प्रयोग गर्न नेपाललगायत विकासशील मुलुकले विद्यमान अनौपचारिक माध्यमबाट भित्रिने रेमिट्यान्स परिमाण कम गर्नुपर्ने बताए ।

त्यसका लागि नेपाल सरकार, राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्थाका साथै रेमिट्यान्स कम्पनीको साझेदारी आवश्यक रहेकामा उनले जोड दिए । उनले मध्यपूर्व र मलेसियामा रहेका आइएमईलगायत अन्य निजी रेमिट्यान्स कम्पनीको रकमान्तर पद्धति हाल कोरिया र भारतजस्ता मुलुकमा नभएको बताए । ढकालले नेपालीले ती मुलुकबाट पैसा पठाउन अनौपचारिक माध्यमको प्रयोग गर्न बाध्य हुनुपर्ने अवस्था रहेको जानकारी दिए ।

विश्व बैंक र कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोषद्वारा आयोजित एसिया प्यासिफिक क्षेत्रमा रेमिट्यान्सको सन्दर्भमा आजको बजार वास्तविकता, भविष्यको अवसर र चुनौतीका लागि साझा धारणा बनाउने उद्देश्य लिइएको फोरममा एसिया प्यासिफिक क्षेत्रका राष्ट्रका सरकारी, निजी तथा सम्बन्धित क्षेत्रका ४ सयभन्दा बढी सहभागी थिए ।

## बिओकेका ५० शाखा

काठमाडौं/ बैंक अफ काठमाण्डू ( बिओके) लिमिटेडले सेवा प्रारम्भ गरेको १९ वर्षको अवधिमा शाखा संख्या ५० पुऱ्याउन सफल भएको छ । गौर, दैलेख र दिक्तेलमा एकै साथ तीनवटा शाखा उद्घाटनपश्चात शाखा संख्या ५० पुगेको बैंकले सोमबार जारी विज्ञप्तिमा उल्लेख गरेको छ । एकै दिन उद्घाटन गरेका शाखामध्ये गौर शाखाको उद्घाटन बैंकअध्यक्ष नरेन्द्रकुमार बस्न्यात, दैलेख शाखाको उद्घाटन बैंकसञ्चालक गोविन्दप्रसाद शर्मा र दिक्तेल शाखाको उद्घाटन बैंकसञ्चालक प्राडा हेमराज सुवेदीले गरेको बैंकले जनाएको छ ।

अधिकतम जनतामा बैंकिङ सुविधा पुऱ्याउने लक्ष्य लिएको बैंकले ग्रामीण क्षेत्रका साथै दुर्गम पहाडी जिल्लामा समेत शाखा खोली सेवा विस्तार गर्दै आएको छ । दैलेख र खोटाङको सदरमुकाम दिक्तेलजस्ता पहाडी भेग र रौतहटको सदरमुकाम गौरमा खोलिएका शाखाले स्थानीय व्यवसायी र सर्वसाधारणलाई सम्पूर्ण बैंकिङ सेवा प्रदान गर्नेछन् । नयाँ खोलिएका ३ शाखासहित बैंकको हालसम्म ५० शाखा, ५६ एटिएम, ८ सर्भिस काउन्टर र ३ सय ४७ एजेन्ट पुगेका छन् ।

## सात विधामा प्रतिस्पर्धा हुने

काठमाडौं/ आइएमई र ग्लोबल आइएमई बैंकको मुख्य प्रायोजनमा फोटो पत्रकार क्लबले गर्न लागेको प्रतियोगितामा सात विधामा प्रतिस्पर्धा हुने भएको छ । दया फाउन्डेसन कल्चर तथा टुरिजम, नेचुरल्ली नेपाल वाइल्ड लाइफ एन्ड नेचर, सामसुङ ग्यालेक्सी एस फोर डेली लाइफ, शिखर सु न्युज फोटो, पिएलओ लुब्रिकेन्ट्स नेपाल स्माइल, आरजे स्पोर्ट्स र फोटो स्टोरी गरी सात विधामा प्रतिस्पर्धा हुने भएको क्लबले सोमबार जारी गरेको विज्ञप्तिमा उल्लेख छ । न्युज फोटो विधामा ०६९ सालभर खिचिएका तस्बिरले मात्र प्रतिस्पर्धा गर्न पाउनेछन् ।

## जेठ ११ मा र्‍याफ्टिङ महोत्सव

काठमाडौं/ नेपाल एसोसिएसन अफ र्‍याफ्टिङ एजेन्ट्स ( नारा)ले स्थापनाको २५ वर्ष अवसर पारेर त्रिशूली नदीमा र्‍याफ्टिङ महोत्सव गर्ने भएको छ ।

'सिल्भर जुब्ली र्‍याफ्टिङ फेस्टिवल-२०१३' नाम दिइएको महोत्सवमा आन्तरिक पर्यटन प्रवर्द्धन गर्ने उद्देश्य राखिएको नारा अध्यक्ष नानीकाजी थापाले बताए । उनले नेपाल साहसिक जलयात्राको सम्भावनायुक्त मुलुक भएकाले प्रवर्द्धनका लागि महोत्सव गर्न लागिएको जानकारी दिए । ११ जेठमा हुने महोत्सवमा त्रिशूली नदीको बेल्खु पुलदेखि मलेखुसम्म र्‍याफ्टिङ गराइनेछ । महोत्सवमा ७ सय सहभागी हुने अपेक्षा गरिएको थापाले बताए । ३ घन्टा लामो र्‍याफ्टिङ सहभागीलाई काठमाडौंबाट ल्याउने/लैजाने व्यवस्था गरिएको नाराले जानकारी दिएको छ । पर्यटन उद्योगका लागि नदी संरक्षण र प्रवर्द्धनमा जोड दिने महोत्सवको उद्देश्य रहेको थापाको भनाइ छ ।

### सूर्यबहादुरलाई...

लोकतान्त्रिक टिका लाग्यो । पञ्चहरूले गर्भमा जे सिकेका थिए, त्यही तमासा देखाए ।

यो घटनामा राजेश्वर देवकोटाको अलग धार रह्यो । म एकता भाँड्दिन भन्ने प्रतिबद्धता जनाएका देवकोटाले सार्वजनिक रूपमै भने- हाम्रो पार्टीको वर्तमान नेतृत्व राष्ट्रघात तर्फ उन्मुख छ । त्यसैकारण नागरिकताका सवालमा समेत ठोस नीति छैन । राजतन्त्र, संघीयता र हिन्दू धर्मका विषयमा मत नमिलेकै कारण राप्रपा नेपालसँग एकीकरण हुन सकेन । तर हिन्दू धर्मको मुद्दा हाम्रो पार्टीले उठाउन थालेको छ । नेतृत्वको बुद्धि पलाए जस्तो छ ।

### वैद्यको बाधा...

२५ बुँदे बाधा अड्काउ फकाउने अध्यादेश, खिलराजको राजिनामा, गोलमेच सम्मेलन र राजनीतिक नेतृत्वको सरकारको माग पुरा नभएर चुनाव भाँड्ने मोर्चा कस्दै हिँडेको छ । यसरी नेकपा-माओवादीको यस्तो रणनीति खिलराज रेग्मी र सरकारका लागि 'खीर' खाने वातवरण बन्न पुगेको छ ।

स्वतन्त्र व्यक्तिको चयन र यसैबाट स्वतन्त्र र निष्पक्ष चुनाव हुन्छ भन्ने प्रचण्डको प्रस्ताव र कांग्रेस, एमाले र मधेसी मोर्चाको समर्थनले हावा खाएको स्थिति छ । खिलराज सरकार निर्वाचनको उद्देश्य पुरा गर्न गठन भएको भएपनि निर्वाचनको माहोल बन्न सकेको छैन । राजनीतिक दलहरूमा तिक्तता यसरी बढेको छ कि खिलराजको तालुमा आलु फल्न पुगेको छ । एक पटक फेरि राजनीतिक द्वन्द्व बढेर अराजकता देखिन थालेको छ । निर्वाचन गराउन गठन भएको खिलराज सरकार 'सत्ता खीर' खाएर डकार्दै विघटन हुने सम्भावना बढेर गएको छ ।

**जयप्रकाशको धम्की**

यसैबीच तराइमधेश राष्ट्रिय अभियानका संयोजक जयप्रकाश गुप्ताले आठ बुँदे माग अघि सारेका छन् । उनले निर्वाचन क्षेत्र पुनर्निधारण, संविधानसभा सदस्य संख्या, थ्रेस होल्ड, मतदाता नामावली, नागरिकता, दल दर्ता प्रावधान, समावेशी विधेयक, आस्थाका बन्दीको रिहाइ, भावी संविधानको खाकामा सहमतिलगायतका आफ्ना विचारमा सहमति नभए दल दर्ता नगर्ने र निर्वाचन बहिष्कार गर्ने चेतावनी दिएका छन् ।

### चुनावको मिति...

गर्दै मुस्लिममाथिको हत्या प्रकरणप्रति गम्भीर हुन ध्यानाकर्षण गराएको छ ।

सदरूल मियाँ हकको रहस्यमय हत्याले निर्वाचनको मिति तोक्न र निर्वाचनको वातवारण बन्न लागेको बेलामा जातीय हिंसा भड्काउने विदेशी षड्यन्त्र सुरु भएको आशंका गरिएको छ । प्रहरी स्रोतले पनि यस्तो आशंका जनाइसकेको छ । यदि जातीय हिंसा भड्काउन विदेशी ताकत लागेकै हो भने निर्वाचन नहुने निश्चित छ, नरसंहारको खतरा पनि देखिन्छ ।

### स्ववियू...

त्रिचन्द्र, पाटन संयुक्त क्याम्पस लगाएतका क्याम्पसहरूमा विद्यार्थी भर्नाको होडवाजी नै चलेको थियो । कतिपय क्याम्पसहरूमा भने विद्यार्थी भर्नाको विषयलाई लिएर विवाद सिर्जना भएपनि क्याम्पस प्रशासनमा ताला नै लगाइएको छ । मिनभवन क्याम्पसमा अखिल र क्रान्तिकारी संगठनले बढी विद्यार्थी भर्ना गरेको भन्दै नेविसंघले त्यहाँ ताला लगाइदिएको छ । त्यसैगरी सरस्वती क्याम्पसमा क्रान्तिकारीले बढी विद्यार्थी भर्ना गरेको भन्दै अन्य संगठनहरूले ताला लगाइदिएका छन् । यसरी विद्या आर्जन गर्ने थलोमा समेत राजनीति प्रवेश गराएर नक्कली विद्यार्थीहरू भर्ना गराएर निर्वाचन आफ्नो पक्षमा पार्न निर्देशन दिने राजनीतिक दलहरूले नेपालमा कस्तो शिक्षा प्रणाली लागु गर्न खोजेका हुन् ? एक बुद्धिजिवीले प्रश्न गरे, हामीकहाँ शिक्षाको स्तर खस्नुको पहिलो खुड्किलो भनेको क्याम्पसहरूमा राजनीतिक हस्तक्षेप नै हो भन्दै उनले शिक्षामा राजनीति नगर्न समेत दलहरूलाई आग्रह गरेका छन् । विद्यार्थी संगठनको निर्वाचनलाई राजनीतिक दलहरूले मिनी निर्वाचन समेत भने गरेका छन् ।

### राष्ट्रवादी आन्दोलनको...

आग्रह गर्न निर्देशन दिएका छन् । २०४६ सालको आन्दोलनको नेतृत्व नेपाली कांग्रेसले गरेर कम्युनिष्ट पार्टीहरूलाई समेत आफ्नो नेतृत्वमा ल्याएको सुनाउँदै २०६२/०६३ को आन्दोलनको नेतृत्व एमाओवादीले गरेको हुनाले अबको आन्दोलनको नेतृत्व आफ्नो पार्टीले गर्ने र राष्ट्रियता र प्रजातन्त्र जोगाउने दायित्व पनि राप्रपा नेपालको काँधमा आएको उद्घोष गरेका छन् ।

सोही अवसरमा बोल्दै अध्यक्ष थापाले कथित ठूला दलहरू भनिएका चार दलले चार दलीय सिन्डिकेट खडा गरेर वहालवाला प्रधानन्यायाधीश खिलराज रेग्मीलाई मन्त्रिपरिषदको अध्यक्ष बनाएकोमा अहिले रेग्मी सरकार चार दलको जालोमा परेको हुनाले रेग्मी सरकारले नि ष्पक्ष र धाँधलीरहित निर्वाचन गराउने नसक्ने ठोकुवा गर्दै निर्वाचन कुनै हालतमा पनि हुनु पर्ने बताउँदै निर्वाचन अपरिहार्य रहेको स्वीकार गरेका छन् । रेग्मी सरकार चार दलको सिन्डिकेटको चंगुलभित्र फसिसकेकाले चार दलको मात्र सहमतिमा कुनै हालतमा पनि निर्वाचन हुन नसक्ने ठोकुवा गर्दै कमसेकम हत्या गरिएको संविधानसभामा उपस्थित भएका दलरूको सहमति भएमात्र पनि निर्वाचन हुन सक्ने उद्घोष गरेका छन् । सोही कार्यक्रममा विभिन्न पार्टी परित्याग गरी राप्रपा नेपालमा प्रवेश गर्नेहरूलाई थापाले आफ्नो पार्टीमा प्रवेश गराएका थिए । राप्रपा नेपालामा प्रवेश गर्ने व्यक्तिहरूले आ-आफ्नो दलहरूले राष्ट्रवादी आन्दोलनलाई छोडेर विदेशीहरूको इशारामा नाच्न थालेका हुनाले दल त्याग गर्नु परेको बताउँदै राष्ट्रवादी आन्दोलनका लागि आफूहरू प्राण त्याग गर्न समेत तयार भएको उद्घोष गरेका थिए ।

### रेग्मीको राजिनामा...

पछिल्लो सयममा चार दलीय उच्चास्तरीय राजनीतिक संयन्त्रको अध्यक्ष बनेका नेकपा एमालेका अध्यक्ष झलनाथ खनालले सडक आन्दोलनमा रहेका नेकपा-माओवादीसहितका अन्य दलहरूसँग वार्ता गरिरहेका छन् । नेकपा-माओवादीले भने खनालसँग भएको वार्तामा फागुन ३० गते भएको ११ बुँदे राजनीतिक सहमति र बाधा अड्काउ सम्बन्धी २५ बुँदे सहमति खारेज हुनुपर्ने र राजनीतिक गोलमेच सम्मेलन गरी दलीय सरकार निर्माण भएको खण्डमा मात्र आफूहरू निर्वाचनमा भाग लिने अडान राखेको छ भने मधेसी जनअधिकार फोरम नेपालले रेग्मीले प्रधानन्यायाधीशबाट राजिनामा दिनुपर्ने सर्त अगाडि सारेको छ । वार्तामा अध्यक्ष खनालले रेग्मीलाई राजिनामा गराउन सक्ने संकेत दिएको मधेसी जनअधिकार फोरम नेपालका नेताहरूले बताए पनि अध्यक्ष रेग्मीले राजिनामा दिने कुनै संकेत दिएका छैनन् ।

मुलुकको लागि पहिलो आवश्यता भनेको निर्वाचन नै भएपनि निर्वाचनमा जानका लागि अहिलेसम्म निर्वाचनसम्बन्धी ऐन, कानुनहरूको अभाव रहेको र मुख्य गरेर ठूला दल भनिएका एमाओवादी, कांग्रेस, एमाले र मधेसी मोर्चाबीच नै निर्वाचन अध्यादेश ल्याउनेमा विवाद भएको हुनाले निर्वाचन आउँदो मंसिरमा हुनेमा आशंक उत्पन्न भएको छ । अहिलेपनि दलहरूबीच संघीयता, राज्य पुनर्संरचना, निर्वाचन प्रणाली, न्यायप्रणालीलगायतका अन्य धेरै विषयहरूमा विवाद समाधान हुन सकेको छैन । चार दलबीच मात्र सहमति गरेर अन्य साना दलहरूलाई वेवास्ता गर्दै हेपाहा प्रवृत्ति ठूला दलहरूले देखाएको खण्डमा आउँदो मंसिरमा होइन, अर्को मंसिरमा समेत निर्वाचन हुन नसक्ने ठोकुवा एक राजनीतिक विश्लेषकले गरेका छन् । यी सबै कारणहरूले सबै दलहरू एकै ठाउँमा बसेर सहमति गर्नु नै निर्वाचनको लागि बाटो खोल्नु हो ।

### प्रचण्डको पाइला...

बेला-बेलामा आफूलाई चर्चामा ल्याउनका लागि राजतन्त्रलाई आक्षेप लगाउने गरेको थियो । केही हप्ता अघिमात्र प्रचण्डले २४० वर्षपछि एकताको आधार मै हुँ भन्ने घोषणा समेत गरे । यसै परिप्रेक्ष्मा प्रचण्ड-महराले निर्वाचन जित्न र राजावादीको भोट तान्नका लागि पूर्वराजालाई एमाओवादीले चुनावमा उठाउन खोज्ने दुष्प्रयास सुरु भएको छ ।

### एमाओवादी र...

गरेका नियुक्तिहरू कुनै हातलमा पनि बदर गर्न नसकिने अडानमा रहेको छ । भट्टराई सरकारले युवा स्वरोजगार कोष र सुकुम्बासी आयोग गठन गरेर तिनै संस्थाको माध्यमद्वारा आफ्ना कार्यकर्ताहरूलाई राज्यकोषको रकम बाँडिरहेको छ । सुकुम्बासी आयोगको अध्यक्षमा गोरखाका माओवादी नेता भक्ति लामिछानेलाई नियुक्त गरिएको र उनले छानीछानी एमाओवादीसँग सम्बद्ध व्यक्तिहरूलाई जग्गा उपलब्ध गराइ लालपुर्जा समेत बाँडिरहेका छन् । जग्गा प्राप्त गर्नेहरू नक्कली सुकुम्बासी रहेका सूचनाहरू पहिला नै सार्वजनिक भइरहेका छन् ।

निर्वाचनको वातावरण बनाउनका लागि पहिला निर्वाचन सम्बन्धी ऐन, कानुन आवश्यक पर्ने भएपनि त्यसमा पनि यिनै चार दलभित्र व्यापक विवाद रहेको छ । निर्वाचन आयोगले तयार गरी निर्वाचन ऐन अध्यादेशका लागि सरकारसमक्ष पठाएपनि दलहरूकै विमतीका कारण सरकारले निर्वाचन अध्यादेश ल्याउन सकेको छैन । खासगरेर जम्मा खसेको मतका एक प्रतिशत मत नल्याउने पार्टीलाई समानुपातिकबाट संविधानसभामा लान नहुने अडानमा कांग्रेस, एमाले भएपनि एमाओवादी र मधेशवादी दलहरू विपक्षमा उभिएका छन् । त्यसैगरी संविधानसभाको संख्या पहिला नै ४९१ मा सहमति भइसकेको भए पनि फेरि ६०१ को जम्बो नै बनाउनु पर्नेमा एमाओवादी र मधेसवादी दलहरूले अडान लिएका कारण विवाद उत्पन्न भएको छ । समानुपातिक निर्वाचन हुने सबै मुलुकमा थ्रेस होल्डको व्यवस्था भएको थुप्रै उदाहरणहरू भएपनि एउटा पार्टीबाट एकजना मात्र समानुपातिकमा आएका व्यक्तिलाई साथ लिएर सरकार चलाएको एमाओवादीले फेरि त्यसै गर्नका लागि थ्रेस होल्डको विपक्षमा आफूलाई उभ्याउनु भनेको निर्वाचनमा जान नचाहनु नै हो । निर्वाचनमा गए हारिने डरले गर्दा थ्रेस होल्डको विरोध गर्नुको कुनै औचित्य छैन ।

## हात्तीपाइलेको उच्च जोखिममा उपत्यका

काठमाडौं । उपत्यकाका तीन जिल्ला हात्तीपाइले रोगको उच्च जोखिममा रहेको छ । उपत्यकावासीले सरकारबाट निःशुल्क उपलब्ध गराएको हात्तीपाइले रोगविरूद्धको औषधि नखाएका कारण यस्तो जोखिम बढेको हो । जोखिम बढेसँगै सरकारले उपत्यकामा हात्तीपाइले निवारण गर्न विशेष रणनीति बनाउने तयारी गरेको छ ।

स्वास्थ्य सेवा विभाग इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले गरेको पछिल्लो अध्ययनले हात्तीपाइले रोग प्रभावित ६१ जिल्लामध्ये काठमाडौं, ललितपुर र भक्तपुर सबैभन्दा बढी जोखिममा रहेको देखाएको छ । विभागका अनुसार गत वर्ष काठमाडौंमा ४८ प्रतिशतले औषधि खाएकामा यो वर्ष ४४ प्रतिशतले मात्रै खाएका छन् । भक्तपुरमा गत वर्ष ४६ प्रतिशतले खाएकोमा यो वर्ष ४४ दशमलव ६ प्रतिशतले मात्रै खाएका छन् । ललितपुरमा गत वर्ष ४० प्रतिशतले खाएकोमा अहिलेसम्म प्रतिवेदन भने पठाएको छैन । यद्यपि विभाग स्रोतले ललितपुरको अवस्था यो वर्ष पनि नसुध्रिएको दाबी गरेको छ ।

विश्व स्वास्थ्य संगठनले एकैपटक औषधि खुवाउने अभियानमा ६५ प्रतिशतभन्दा कम कभरेज भयो भने त्यो जोखिमयुक्त हुने जनाएको छ । संगठनका नेपालस्थित नेसनल प्रोफेसनल अफिसर डा. केशवकुमार योगी भन्छन्, 'वार्षिक रूपमा मासमा खुवाइने यो औषधिको कभरेज ६५ प्रतिशतभन्दा तल भयो भने त्यो अभियान नै प्रभावकारी नभएको मानिन्छ, यसले रोग नियन्त्रण वा निवारणका लागि महत्व पनि राख्दैन बरू जोखिम थप गर्छ तर राजधानी काठमाडौंसहितका तीन जिल्लाको अवस्थाले त्यस्तै संकेत गरेको छ ।' उनले लामखुट्टेको माध्यमबाट सर्ने यो रोग उपत्यकाको जनघनत्व, फोहोर र दिनहुँ हजारौंको संख्यामा मानिस बाहिरिने र भित्रने ठाउँमा अझ बढी जोखिम हुने बताए ।

झन्डै चार हजार वर्ष पुरानो मानिने यो रोग क्युलेक्स जातको संक्रमित पोथी लामखुट्टेको टोकाइबाट सर्छ । नेपालमा यो रोगबाट ६१ जिल्लाका झन्डै १३ प्रतिशत अर्थात ३२ लाख ५० हजार मानिस संक्रमित भएको अनुमान छ । त्यसको १० प्रतिशत अर्थात ३२ हजार पाँच सयमा संक्रमणपछिको लक्षणसमेत देखापरिसकेको छ । स्वास्थ्य सेवा विभाग इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका निर्देशक डा. गरिबदास ठाकुरले दुर्गम क्षेत्रमा हात्तीपाइले रोगविरूद्धको औषधि खुवाउने अभियान निकै सफल भए पनि सुगम तथा सहरी क्षेत्रमा औषधि खुवाउने सफलता प्राप्त नभएको स्विकारे ।

निःशुल्क औषधि हामीले के खाने भन्ने कथित उपल्ला वर्गका मानिसको सोचका कारण औषधि खुवाउने कार्यक्रम अपेक्षित सफल हुन नसकेको बताउँदै डा. ठाकुरले भने, 'विशेषगरी निजी स्कुल कलेज तथा कथित उपल्लावर्ग भनिनेका घरका सदस्यले हाम्रा स्वयंसेवकले बाँडेका औषधि खानै मानेनछन् । पढे-लेखेका जान्ने-सुन्नेले यसरी बेवास्ता गर्दा एक-अर्कोमा सर्ने जोखिम बढी हुन्छ ।' उनले हात्तीपाइले रोगविरूद्ध खुवाइने औषधि डिइसी (डाइथाइल कार्बामाजिन) चक्की ५० वर्षदेखि उपचारमा प्रयोग हुँदै आएको र अल्बेन्डाजोल चक्की २५ वर्षदेखि पेट र आन्द्रामा हुने विभिन्न प्रकारका जुकाका लागि प्रयोग हुने औषधि भएको स्पष्ट पारे । उनले सहरी क्षेत्रमा औषधिबारेको भ्रम निवारण गर्न र प्रयोगदर बढाउन सरकारले विशेष रणनीति अघि सार्न लागेको जानकारी दिए ।

**अपाङ्गता अधिकारको सुनिश्चितता गर्नका लागि अपाङ्गता भएका व्यक्तिहरुका लागि ७५ वटै जिल्लामा महिला तथा बालबालिका कार्यालयबाट नियमित रुपमा अपाङ्गता परिचयपत्र वितरण भइरहेको जानकारी गराइन्छ ।**

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल, कार्यालय : बुढुनगर, फोन : ४७८०२९५ मो. : ९८४१५४८८५, काठमाडौं, कानूनी सल्लाहकार : त्रिलोकबहादुर चन्द, मो.९८४१२५९६९९, बजार व्यवस्थापक : मनोज खड्का (९८४१८१६०७६) मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार